मजदुर
The Worker Daily दैनिक
○ ग्राहक बन्नु परेमा
○ नवीकरण गर्नु परेमा
○ पत्रिका नियमित नआएमा
○ वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com




विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



वर्ष : २६ ★ अङ्क : १११ ★ ने. सं. ११४४ वछला थ्व, षष्ठी ★ सोमबार ★ ३१ वैशाख, २०८१ ★ May 133, 2024, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८





कोरियाली मजदुर पार्टीका महासचिव तथा प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको राज्य मामिला आयोगका अध्यक्ष किम जोङ उनले २४० एमएमको मल्टिपल रकेट लन्चर प्रणालीको प्राविधिकरूपमा अद्यावधिक गरिएको संस्करणको बारेमा जानकारी लिनुभयो र मे ११ का दिन परीक्षण फायरको निरीक्षण गर्नुभयो । प्रजग कोरियाका विभिन्न राष्ट्रिय रक्षा औद्योगिक मल्टिपल उद्योगहरूमा (बहुपटक) रकेट लन्चरका लागि नियन्त्रित मिसाइलहरू उत्पादन भइरहेका छन् ।

उच्च गतिशीलता र आगोको एकाग्रताको साथ अद्यावधिक गरिएको मल्टिपल रकेट लन्चरमा एक स्वचालित फायर संयुक्त नियन्त्रण प्रणाली छ र २०२४ देखि २०२६ सम्म प्रतिस्थापन उपकरणको रूपमा कोरियाली जन सेनाको एकाइहरूमा तैनाथ गरिनेछ । *तस्बिर : केसीएनए*

## इमानदारीपूर्वक बिरामीको सेवा गर्दा नर्सहरूले आफ्नो पेशाप्रति गर्व गर्न सक्ने



भक्तपुर, ३० वैशाख (रासस) । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नर्सिङ पेशा सम्मानित पेशा भएको उल्लेख गर्दै इमानदारीपूर्वक बिरामीको सेवा गर्दा आफ्नो पेशाप्रति गर्व गर्न सकिने बताउनुभयो ।

अन्तर्राष्ट्रिय नर्सिङ दिवसको अवसरमा आइतबार भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको आयोजनामा सम्पन्न भेलामा सम्बोधन गर्दै नगर प्रमुख प्रजापतिले पुँजीवादी व्यवस्थामा स्वास्थ्य उपचार सेवालाई व्यवसाय बनाइँदा गरिब जनता उपचार सेवाबाट वञ्चित भइरहेको बताउनुभयो ।

उहाँले ख्वप अस्पताल जनताको अस्पतालको रूपमा सहज उपचार सेवामा समर्पित रहेको स्पष्ट पार्नुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, “समाजवादी देश क्युवाको स्वास्थ्य उपचार सेवा संसारकै उत्कृष्ट छ । सन् २०१५ मा ३७ हजार क्युवाली डाक्टरहरू विश्वका ७७ वटा देशहरूमा विपत्ति र महामारीमा परेका जनताको उपचार सेवामा लागेका थिए ।”

नगर प्रमुख प्रजापतिले महामारी जस्तो सङ्कटको बेला निजी अस्पतालहरू बिरामीको उपचार गर्न पछि हटेको र सरकारी अस्पतालहरू नै बिरामीको उपचार केन्द्र बनेको चर्चा गर्दै भक्तपुर नगरपालिकाले कम शुल्कमा दक्ष स्वास्थ्य जनशक्ति उत्पादन गर्ने उद्देश्यले ख्वप मेडिकल कलेज र ख्वप विश्वविद्यालय स्थापना गर्न खोजेको तर सरकारले विश्वविद्यालयको विधेयक पारित नगरेको बताउनुभयो ।

उहाँले नर्सिङ दिवसको शुभकामना दिँदै उच्च मनोबल लिएर विरामीको सेवामा समर्पित रहन निर्देशन दिनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले डा. नर्मन बेथुन, डा. कोटनिस र फ्लोरेन्स नाइटिङ्गेलजस्ता चिकित्साकर्मीहरूले विदेशी भूमिमा लडिरहेका न्यायप्रेमी जनताको उपचार सेवामा खटेको इतिहास उल्लेख गर्दै न्यायको पक्षमा सङ्घर्षरत जनताको उपचार सेवामा लाग्ने अन्तर्राष्ट्रियवादी भावनाबाट प्रेरित हुनुपर्नेमा जोड दिनुभयो ।

ख्वप अस्पतालको निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले गरिब बिरामीको उपचार सेवा गर्दै उनीहरूबाट पाइने आशिषले आत्मगौरव महशुस हुने बताउनुभयो ।

त्यस्तै इन्टरनल मेडिसिनका विशेषज्ञ डा. अमर प्रजापतिले नयाँ पुस्तामाझ नर्सिङ पेशाको आकर्षण बढ्नु सकारात्मक भएको चर्चा गर्दै पुँजीवादी देशहरूमा नर्सहरूलाई काम अनुसारको पारिश्रमिक नदिएका उदाहरणहरू सुनाउनुभयो ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थान नर्सिङ विभागका प्रमुख ईश्वरी डंगोलले नर्सहरू अस्पतालमा मात्र सीमित नभई समाजमा घुलमिल भई अशक्त, वृद्ध, अपाङ्ग र असहायहरूको सेवामा लाग्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा ख्वप अस्पताल अन्तरङ्ग विभागका नर्स रविना कवां र जिन्सी प्रमुख विनोद दनेखूले अन्तर्राष्ट्रिय नर्सिङ दिवसको इतिहास र सान्दर्भिकतबारे बोल्नुभयो ।

सोही क्रममा नगर प्रमुख प्रजापतिले ख्वप अस्पतालमा कार्यरत नर्सहरूलाई व्याच वितरण गरी सम्मान गर्नुभएको थियो ।

## नेविसङ्घका नेताद्वारा पत्रकारलाई ज्यान मार्ने धम्की

काठमाडौँ, ३० वैशाख (रासस) । समाचारको विषयलाई लिएर नेपाल प्रोफिट डटकमका सम्पादक डुन्डुराज आचार्य (डीआर) लाई नेपाल विद्यार्थी सङ्घका केन्द्रीय सदस्य र जिल्ला सभापतिले ज्यान मार्ने धम्की दिएको घटनाप्रति नेपाल पत्रकार महासङ्घको ध्यानाकर्षण भएको छ ।

उक्त अनलाइनमा २०८१ साल वैशाख १६ गते सम्प्रेषित ‘काङ्ग्रेस नेता र मन्त्रीका पीएको कमाउ धन्धा, दक्षिण कोरिया पठाइदिन्छु भन्दै करिब चार सय युवाबाट करोडौँ असुली शीर्षक समाचारलाई लिएर नेविसङ्घका केन्द्रीय सदस्य भूपेन्द्रसिंह थेवेले ज्यान मार्ने धम्की दिनाको साथै नेविसङ्घ सङ्खुवासभा सभापति चिरञ्जीवी श्रेष्ठले ‘जे पनि हुनसक्छ’ भन्दै धम्की दिएको जानकारीसहित सम्पादक आचार्यले महासङ्घमा निवेदन दिनुभएको थियो ।

सम्प्रेषित समाचारप्रति चित्त नबुझे या कुनै गुनासो भए त्यसउपर कानुनी उपचारमा जान सकिने तथा प्रेस काउन्सिल नेपालमा उजुरी दिन सकिने प्रचलित प्रावधान छ । “त्यसलाई बेवास्ता गर्दै नेविसङ्घजस्तो जिम्मेवार सङ्घका जिम्मेवार व्यक्तिबाट यस किसिमले धम्क्याएको घटना प्रेस स्वतन्त्रताविरुद्ध हुनाका साथै अत्यन्त निन्दनीय हर्कत हो”, महासङ्घद्वारा आइतबार जारी विज्ञप्तिमा भनिएको छ ।

पत्रकारलाई हतोत्साहित र त्रसित बनाउने यस्ता आपराधिक मनसाययुक्त कार्यमा संलग्नमाथि कानुनबमोजिम कारबाही गरी पत्रकारलाई निर्बाध, निर्भिक र सुरक्षित रुपमा काम गर्ने वातावरण बनाउन सम्बन्धित निकायसँग माग गर्दै महासङ्घले संविधानले सुनिश्चित गरेको पत्रकारको अधिकारको ख्याल गर्न सम्बन्धित पक्षको ध्यानाकर्षण गराएको छ ।

## कार्ल मार्क्सको जन्मदिवसको अवसरमा सुर्खेतमा प्रशिक्षण कार्यक्रम




कार्ल मार्क्सको २०६ औँ जन्मदिवसको अवसरमा नेपाल क्रान्तिकारी किसान सङ्घ सुर्खेतको आयोजनामा शनिबार एक प्रशिक्षण कार्यक्रम भयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ सुर्खेतका अध्यक्ष पुष्पराज रानाको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपा सुर्खेतका सचिव एवं नेक्रयुसङ्घका केन्द्रीय उपाध्यक्ष लालबहादुर थापाले कार्यकर्ताहरू पार्टी अनुशासनमा बस्नुपर्ने आवश्यकता औँल्याउँदै नेमकिपाले साङ्गठनिक आचरण पालना गर्न जोड दिइरहेको बताउनुभयो ।

“कामदार र किसानहरूलाई राजनीतिकरूपमा सचेत बनाउनु जरूरी छ । जबसम्म मजदुर र किसानले राजनीति बुझ्दैनन् तबसम्म सामन्त र पुँजीपति वर्गको शोषण कायम रहनेछ,” उहाँले भन्नुभयो ।

कार्यक्रममा प्रेमकुमार थापा, गोविन्दनाथ योगी, देवीराम सिजापति र गङ्गानाथ योगीले पनि बोल्नुभएको थियो ।

सोही अवसरमा विद्यार्थीहरूबिच ‘मार्गनिर्देशनबारे भाइबहिनीलाई ए चिठ्ठी’ पुस्तकको अध्ययन गोष्ठीका साथै सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो । कार्यक्रमपछिको विद्यार्थी भेलाबाट सञ्जीत गुरूङको अध्यक्षतामा ९ सदस्यीय विद्यार्थी हित समिति गठन गरिएको थियो ।





डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



ललितपुरको ललितपुर महानगरपालिकामा ऐतिहासिक रातो मच्छिन्द्रनाथको रथमा विराजमान रातो मच्छिन्द्रनाथको भव्यताकासाथ जात्रा गरिँदै । वर्षा र सहकालका देवता रातो मच्छिन्द्रनाथको रथयात्रा गत शनिबारबाट सुरु भएको हो । *तस्बिर: माधवप्रसाद घिमिरे/रासस*

# वर्षासँगै काठमाडौँको प्रदूषण कम हुँदै

काठमाडौँ, ३० वैशाख । काठमाडौँ उपत्यका वायु प्रदूषणको हिसाबले आइतबार विश्वकै ५० औँ स्थानमा सूचीकृत भएको छ । वैशाख २० गते विश्वको पहिलो प्रदूषित सहरको रूपमा सूचीकृत भएकोमा वर्षाले वायु प्रदूषण न्यूनीकरण भएर आइतबार भने ५० औँ नम्बरमा पुगेको हो ।

'एयर क्वालिटी इन्डेक्स' को आजको तथ्याङ्कअनुसार समग्र वायुगुणस्तर सूचकाङ्क (एक्यूआई) ५६ रहेको छ । गत वैशाख २० गते भने एक सय ६२ पुगेको थियो । केही दिनयता परेको वर्षासँगै वन डढेलो पनि नियन्त्रण भएको तथा वायुमण्डलमा रहेको धुलोको कण नियन्त्रण भएकाले वायु प्रदूषण पनि कम भएको हो ।

डढेलोविद् सुन्दर शर्माले डढेलो नियन्त्रण भएमा वायु प्रदूषण पनि कम हुने बताउनुभएको छ । "अहिले वर्षासँगै वन डढेलो पनि नियन्त्रण भएकाले वायु प्रदूषण न्यूनीकरण भएको छ," उहाँले भन्नुभयो । विपत् व्यवस्थापनविद् डा. धर्मराज उप्रेतीका अनुसार ० देखि एक्युआई ५० राम्रो अर्थात हरियो सङ्केतले चिनिन्छ ।

"५१ देखि १०० सम्मको एक्युआईलाई होसियार रहौँ अथवा पहेँलो सङ्केतले चिनिन्छ । यसैगरी १०१ देखि १५० सम्मलाई अस्वस्थ जसमा स्वाशप्रस्वास र मुटु रोगीका बिरामीलाई असर गर्छ भन्ने बुझिन्छ ।" उहाँले भन्नुभयो, "१५१ देखि २०० सम्मको एक्युआईलाई पनि अस्वस्थ तर सबैलाई असर गर्छ भन्ने बुझिन्छ । २०१ देखि ३०० सयलाई धेरै अस्वस्थको रूपमा लिइन्छ र ३०१ देखि चार सयसम्मलाई खतरनाक र ४०१ देखि ४५० लाई धेरै खतरा मानिएको छ ।" काठमाडौँ उपत्यकाको लागि वायुगुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ ले पनि नेपाल सरकारले निर्धारण गरेको एक्युआई को मान ३०० भन्दा बढी भएको अवस्थालाई विपद्को रूपमा लिइन्छ ।

यो विपद् रोक्नका लागि कार्ययोजनामा फोहर बाल्न रोक्ने, सडक सफा गर्न ब्रुमर तथा भ्याकुमको प्रयोग व्यापक गर्ने, बालबालिका, ज्येष्ठ नागरिक, बिरामीलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गरिने कार्ययोजनामा उल्लेख छ ।

# शैक्षिक पात्रो सुधार गरी कार्यान्वयन गर्छुः त्रिवि उपकूलपति बराल

काठमाडौँ, ३० वैशाख । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजङ्ग बरालले शैक्षिक पात्रो सुधार गरी त्यसलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा उहाँले शैक्षिक पात्रो सुधारअनुरूप काम गरिरहेको र तयारी भइरहेको जानकारी दिनुभयो ।

"कसरी त्रिविको परीक्षा पात्रो सुधार गर्नुहुन्छ, कसरी परीक्षालाई सुधार गर्नुहुन्छ भन्ने यहाँहरूको जिज्ञासा स्वाभाविक हो", उहाँले भन्नुभयो, "प्रत्येक प्रदेशमा परीक्षा गर्ने र उत्तरपुस्तिका त्यही सङ्कलन र जाँच गर्ने संरचना भन्दै छ, परीक्षालाई विकेन्द्रीकरणलाई व्यावहारिकरूपमै कार्यान्वयन गर्ने हाम्रो योजना छ ।"

उपकूलपति प्रा.डा. बरालले विद्यार्थीलाई जतिसक्दो चाँडो परीक्षाफल दिनको लागि आईटीको प्रयोग गर्ने योजना सुनाउनुभयो । बजारको मागअनुसार पाठ्यक्रम विश्वविद्यालयको पाठ्यक्रम परिमार्जन गर्ने बताउँदै उहाँले त्यसपछि बजारले मागेको जनशक्ति उत्पादन गर्नको निम्ति नयाँ नयाँ कार्यक्रम सञ्चालन गर्ने उल्लेख गर्नुभयो । नेपाल सरकारको शिक्षा नीति, २०७६ मा विदेशी विद्यार्थीलाई आकर्षण गर्नेगरी त्रिभुवन विश्वविद्यालयलाई सुधार गर्नुपर्ने उल्लेख गरिएको छ ।

कमाउँदै पढ भन्ने आफ्नो योजना रहेको बताउँदै उहाँले प्रमाणपत्र मात्रैभन्दा पनि व्यावहारिक र रोजगारमूलक शिक्षा बनाउने तयारी भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "त्रिभुवन विश्वविद्यालयले नेपालको उच्च शिक्षामा करिब ८० प्रतिशत ओगटेको छ, यो विश्वविद्यालय बिग्रिँदा देशको समग्र शिक्षा क्षेत्र नै बिग्रिन्छ भन्ने मेरो योजना, सोचपत्रमा राखेको छु र अहिले पनि हाम्रो मान्यता त्यही नै छ ।"

उहाँले शैक्षिक पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन नहुँदा र समयमा परीक्षफल प्रकाशित नहुँदा पछिल्लो समयमा विश्वविद्यालयप्रति विकर्षण बढ्दै गएको स्वीकार गर्दै अभिभावक र आमजनतामा विश्वविद्यालयप्रति नकारात्मक किसिमको भावना सिर्जना गरेको बताउनुभयो ।

विश्वविद्यालयमा राजनीतिक हस्तक्षेप हुन नहुने भन्दै उहाँले उपकुलपतिलाई विभिन्न समयमा विभिन्न किसिमका धम्की आउने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "यो नेपालको ठूलो विश्वविद्यालय हो, यसको ७७ जिल्लामै नेटवर्क छ, त्यसैले विश्वविद्यालय सुधार गर्नको निम्ति हामीले यसको 'स्ट्रक्चर रिफर्म' गर्नुपर्छ भन्ने छ, यो नेपाल सरकारको नीतिमा पनि छ ।"

# आरोही कामिरिताले आफ्नै नाममा रहेको कीर्तिमान तोड्दै २९ औँ पटक सगरमाथाको चुचुरोमा

काठमाडौँ, ३० वैशाख (रासस) । आरोही कामिरिता शेर्पाले आइतबार बिहान २९ औँ पटक सगरमाथा आरोहण गरी कीर्तिमान कायम गर्नुभएको छ । उहाँले वसन्त ऋतुको जारी आरोहणमा कामिरिताले सगरमाथाको सफल आरोहण गर्दै आफ्नै नाममा रहेको कीर्तिमान तोड्नुभएको हो ।

पर्यटन विभागको साहसिक पर्यटन तथा पर्वतारोहण शाखा निर्देशक राकेश गुरूङका अनुसार कामिरिताले आइतबार बिहान सगरमाथाको चुचुरोमा २९ औँ पटक पाइला टेकेर विश्व कीर्तिमान बनाउनुभएको हो । उहाँका अनुसार यस यामको आरोहण सुरू भएयता आजसम्म ७० भन्दा बढीले सगरमाथा आरोहण गर्नुभएको छ । सोलुखुम्बुको खुम्बु पासाङ्ल्हामु गाउँपालिकाको थामेका ५४ वर्षीय कामिरिता कुशल पर्वतारोही पथप्रदर्शक हुनुहुन्छ ।

सन् १९९४ मे १३ मा पहिलोपटक सगरमाथाको चुचुरोमा पुगेका कामिरिताका नाममा आठ हजार मिटर अग्ला शिखरमा सबैभन्दा बढी आरोहण गरेको कीर्तिमान छ । सगरमाथा आरोहणका ७१ वर्षे इतिहासमा सर्वाधिक आरोहण गर्ने एक मात्र कीर्तिमानी आरोही कामिरिता शेर्पा हुनुहुन्छ । अघिल्लो वर्षको वसन्त ऋतुमा सोलुखुम्बुकै पासाङ दावा शेर्पाले २७ पटक सगरमाथा आरोहण गरेर कीर्तिमान बनाउनुभएको थियो ।

यस वर्षको वसन्त ऋतुमा सगरमाथा आरोहण गत शुक्रबारदेखि सुरू भएको थियो । आरोहणका लागि दक्ष कामदार (आइसफल डाक्टर) ले शुक्रबार बेलुका सगरमाथाको चुचुरोसम्म 'रोप फिक्सिङ' (डोरी टाँग्ने) गरेपछि आरोहणको ढोका खुलेको हो । 'सगरमाथा हिमालचुलीको शिखरसम्म मिली बाटो निर्माण (रोप फिक्सिङ) गर्ने काम सम्पन्न भएसँगै टोलीमा संलग्न १० जना आरोहीबाट सगरमाथाको यस सिजनको पहिलो आरोहण सम्पन्न भएको थियो ।

विभागको पर्वतारोहण शाखाका अनुसार यो याममा सगरमाथा आरोहण गर्न ४१ आरोही समूहका ७५ महिला र तीन सय ३९ पुरूषसहित चार सय १४ जनाले अनुमति लिएका छन् । अझै एक/दुई टोली बढ्नसक्ने विभागले अनुमान गरेको छ ।

# नियमित विवरण अद्यावधिक नगर्ने सहकारीलाई कारबाही गर्दै कामपा

काठमाडौँ, ३० वैशाख । काठमाडौँ महानगरपालिकाले आफ्नो कार्य क्षेत्रमा सञ्चालित केही सहकारीले नियमित रूपमा विवरण अद्यावधिक नगरेको भन्दै यस्ता सहकारीलाई पहिचान गरी कारबाही गर्ने जनाएको छ ।

हाल कामपामा एक हजार नौ सय ५३ सहकारी सञ्चालनमा छन् । जसमध्ये नौ सय ५५ ले मात्रै नियमितरूपमा वार्षिक विवरण पेस गर्ने गरेका कामपाले जनाएको छ ।

कामपा सहकारी विभागका प्रमुख बलराम त्रिपाठीले सञ्चालनमा रहेका ५० प्रतिशतले मात्रै विवरण पेस गर्ने गरेकोले विवरण पेस नगर्नेका लागि अनुगमन गरी कारबाहीको दायरामा ल्याउने गरी काम भइरहेको जानकारी दिनुभयो । नियमानुसार प्रत्येक सहकारीले एक वर्षभरि के गरे र के गर्दै छन् भन्ने विषयमा जानकारी गराउनुपर्ने हुन्छ । प्रमुख त्रिपाठीका अनुसार विवरण पेस गर्नका लागि विभागले दिएको पटक-पटकको सूचनालाई बेवास्ता गरेपछि अनुगमन सुरू गरिसकेको र अनुगमनको क्रममा दोषी ठहर भएकालाई कारबाही सुरू गर्ने तयारी विभागको रहेको छ ।

अनुगमनका क्रममा विवरण नबुझाउनेलाई नियमित काम कारबाहीमा रोक लगाउने तथा अनुमति खारेज गर्नेसम्मको तयारी कामपाको छ । संवैधानिक व्यवस्थाअनुसार विसं २०७५ साउन १ गतेदेखि देशका सबै डिभिजन सहकारी कार्यालय खारेजी भई सम्बन्धित स्थानीय तहले सहकारी नियमन र अनुगमन गर्नुपर्ने व्यवस्था छ ।

सहकारी स्थानीय तहलाई हस्तान्तरण हुनुअघि विसं २०७४ मा नै कामपाले सहकारी ऐन जारी गरिसकेको थियो । कामपामा सोही ऐनअनुरूप सहकारी सञ्चालन भइरहेका छन् । कामपामा रहेको जम्मा सहकारीमध्ये एक हजार ६ सय २८ वटा बचत तथा ऋण सहकारी, दुई सय ६४ वटा बहुउद्देश्यीय सहकारी, तीन वटा श्रमिक सहकारी, १५ वटा कृषि सहकारी, १३ वटा उपभोक्ता सहकारी, तीन वटा सीपमूलक सहकारी, दुई वटा शिक्षा सहकारी छन् । सञ्चार, पर्यटन, चिया र साझा क्षेत्रका जम्मा एक/एक वटा सहकारी रहेका छन् ।

# नइका चार कृतिको लोकार्पण

काठमाडौँ, ३० माघ । वानीरा फाउन्डेसनले आइतबार एक समारोहबिच राजधानी काठमाडौँमा शताब्दीपुरुष डा.सत्यमोहन जोशीको १०५ औँ जयन्ती मनायो ।

सोही अवसरमा वानीरा फाउन्डेसनका संस्थापक इन्जिनियर शङ्कर गिरी, भूपालमानसिंह कार्की प्रज्ञापरिषदका अध्यक्ष लोकमानसिंह कार्की तथा नइ प्रकाशनका कुलपति इन्दिरा प्रसाईले नइ प्रकाशनबाट प्रकाशित चार वटा कृतिको लोकार्पण गर्नुभयो ।

प्रा.डा.उषा ठाकुरबाट सम्पादित 'सुनीता कार्कीको काव्यकारिता', प्रा.डा.सावित्री कक्षपतिद्वारा लिखित 'नरेन्द्रराज प्रसाईको अर्जुनदृष्टि : ललितत्रिपुरसुन्दरी', डा.अम्बिका अर्यालद्वारा लिखित 'नारीअस्तित्व र इन्दिरा प्रसाईका उपन्यास' र अणुराज जोशीद्वारा सामू उप्रेतीको उपन्यास 'तिम्रो म'को नेपाली भाषाबाट अङ्ग्रेजी भाषामा अनुदित 'आइएम् योर्स' नामक कृतिहरू लोकार्पण भएका हुन् ।

वानीरा फाउन्डेसनका अध्यक्ष इन्दिरा प्रसाईको सभापतित्वमा सञ्चालित सो समारोहमा सुनीता कार्की, प्रा.डा.सावित्री कक्षपति, डा.अम्बिका अर्याल, अणुराज जोशी तथा सदस्यसचिव नरेन्द्रराज प्रसाई र कार्यक्रम संयोजक भगवती बस्नेतले शताब्दीपुरुष डा.सत्यमोहन जोशीको महिमा र नव कृतिहरूबारे मन्तव्य प्रकट गर्नुभयो ।

# वर्षाले रासस प्रदेश कार्यालयमा क्षति, बुटवलका विभिन्न स्थानमा डुबान

रुपन्देही, ३० वैशाख (रासस) । आइतबार बिहान भएको वर्षाका कारण बुटवलको विभिन्न क्षेत्र डुबानमा परेका छन् । डुबानका कारण राष्ट्रिय समाचार समिति प्रदेश कार्यालयमा क्षति पुगेको छ ।

रासस लुम्बिनी प्रदेश प्रमुख भरत केसीका अनुसार प्रदेश कार्यालयमा पानी पस्दा निवास र कार्यालयमा क्षति भएको छ । "निवासमा भएका पलङ, लत्ताकपडा, भाँडाहरू नोक्सान भएका छन्, कार्यालयका फर्निचर, कम्प्युटर, ल्यापटप लगायतमा क्षति भएको छ", केसीले भन्नुभयो, "वर्षाकै कारण कार्यालयको पर्खाल भत्किएको छ ।"

आइतबार राति रुपन्देहीको बुटवल, भैरहवालगायतका क्षेत्रमा भारी वर्षा भएको थियो । बुटवल क्षेत्रको ढल र नाली समयमै व्यवस्थित एवं सरसफाइ नहुँदा वर्षाको पानी नाली र नहर हुँदै बस्ती, विद्यालय र उद्योगमा पसेको हो । डुबानले फुलबारी टोल, रासस कार्यालय रहेको क्षेत्र, रुपन्देही उद्योग सङ्घलगायत कार्यालय, दर्जनौँ घर र विद्यालयमा क्षति पुऱ्याएको बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेले बताउनुभयो । लामो समयदेखि वर्षा नहुँदा नालीहरू फोहरले थुनिएको र पानी बग्न नपाइ डुबान भएको उहाँको भनाइ छ । डुबानले पुऱ्याएको क्षतिबारे विवरण सङ्कलन गरी राहत वितरण गरिने उहाँले बताउनुभयो ।

यसैबिच डुबानमा परेको राससको क्षेत्रीय कार्यालय बुटवल उपमहानगरपालिकाकी उपप्रमुख सावित्रादेवी अर्याल, नेपाल पत्रकार महासङ्घ, रुपन्देहीका उपाध्यक्ष विश्वास ढकाल, प्रेस चौतारीका केन्द्रीय सचिव प्रदीप आचार्य, केन्द्रीय सदस्य अमृत गिरी, उपभोक्ता हित संरक्षण मञ्च बुटवलका अध्यक्ष समुन्द्र जीसी लगायतले स्थलगत अवलोकन गर्नुभएको छ ।



**मुंग बाली क्षति :** आइतबार बिहान परेको अविरल वर्षाका कारण महोतरी लोहारपट्टी नगरपालिका-८ भगवानपुरमा किसानले लगाएको मुंग बालीमा भएको क्षति । तस्बिर : चन्दन ठाकुर/रासस

सङ्क्षिप्त समाचार

## प्रजनन केन्द्रमा हुर्काइएका घडियाल राप्तीमा छाडियो

चितवन, ३० वैशाख (रासस) । चितवन राष्ट्रिय निकुञ्जको गोही प्रजनन केन्द्रमा हुर्काइएका एक सय ५ वटा घडियाल गोही राप्ती नदीमा छाडिएको छ ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार प्राकृतिक वासस्थानमा  बाँच्ने र हुर्कने दर कम भएकोले घडियाल गोहीको संरक्षणमा सहयोग पुऱ्याउने उद्देश्यले प्रजनन केन्द्रमा गोही हुर्काउने गरिएको छ । केन्द्रमा हुर्काइएको गोहीलाई नदीमा छाड्ने गरिएको उहाँले बताउनुभयो ।  विसं २०३५ सालामा स्थापना गरिएको घडियाल गोही प्रजनन केन्द्रबाट हालसम्म एक हजार नौ ५७ वटा गोही देशका विभिन्न नदीमा छाडिएको छ ।

हालसम्म राप्ती नदीमा एक हजार दुई सय दुई वटा, नारायणी नदीमा चार सय १९ वटा, बबइमा एक सय १० वटा, सप्तकोशीमा एक सय १५ वटा, कालिगण्डकीमा ३५ वटा,  कर्णालीमा ४१ वटा, बाँके राष्ट्रिय निकुञ्ज पश्चिम राप्ती नदीमा १० वटा र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको चौधर खोलामा २५ वटा गोही छाडिएको छ ।

घडियाल प्रजनन केन्द्रमा हाल ६ सय २२ गोही रहेका उहाँले जानकारी दिनुभयो । अन्य नदीहरूमा गोही संरक्षण हुन नसकेपछि पछिल्ला वर्षहरूमा नारायणी र राप्ती नदीमा मात्रै गोही छाडिने गरिएको छ । अहिले राप्ती र नारायणी नदीमा तीन-तीन वटा भाले गोही छन् । घडीयाल प्रजनन केन्द्रमा हाल दुईवटा भाले गोही छन् । प्रजनन केन्द्रमा हुर्काएर नदीमा छाडिए पनि गोहीको सङ्ख्या बढ्न सकेको छैन । मानवीय गतिविधि र नदीसँगै बगेर भारतको जलक्षेत्रमा पुगेपछि संरक्षण चुनौतीपूर्ण भएको हो ।

## दुई समूहबिच झडप हुँदा एकजनाको मृत्यु, चार पक्राउ

काठमाडौँ, ३० वैशाख (रासस) । काठमाडौँ महानगरपालिका-९ बत्तीसपुतलीस्थित कुमारी टोलमा दुई समूहबिच झडप हुँदा एकजनाको मृत्यु भएको छ । झडपमा मोरङका २४ वर्षीय शम्भु धिमालको मृत्यु भएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता नवराज अधिकारीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "गए राति दुई समूहबीच झगडा हुँदा एकजनाको मृत्यु भएको छ, घटनामा संलग्न रहेको अभियोगमा चारजनालाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको छ ।" धिमालको शव त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जमा परीक्षणका लागि राखिएको प्रवक्ता अधिकारीले बताउनुभयो ।

# संसदीय उपसमितिद्वारा मेलम्ची आयोजनाको अनुगमन

सिन्धुपाल्चोक, ३० वैशाख ( रासस) । संसद्को पूर्वाधार विकास समितिअन्तर्गतको खानेपानी उपसमितिले राष्ट्रिय गौरवको आयोजना मेलम्ची खानेपानी आयोजनाको अनुगमन गरेको छ ।

आयोजनाका बारेमा विभिन्न कोणबाट टिप्पणी आइरहेको बेला संसदीय समितिले त्यसको 'हेडवर्क्स'लगायत संरचनाको स्थगलत अनुगमन गरेको हो । उपसमिति संयोजक प्रतिनिधिसभा सदस्य उर्मिला माझीको नेतृत्वको टोलीले आयोजनाको हेडवर्क्स र अन्य संरचनाको स्थलगत निरीक्षण गरी आयोजनालाई सुझाव पनि दिएको छ । संयोजक माझीले विस्तृत अध्ययन नगरी तत्काल हेडवर्क्स सार्ने निर्णयमा नपुग्न सुझाव दिएको बताउनुभयो ।

संयोजक माझीका अनुसार समितिले २०७८ साल असार १ गतेको बाढीका कारण ध्वस्त भएको हेडवर्क्स क्षेत्र, अस्थायी 'टनेल' मार्फत पानी पथान्तरण गरिएको अवस्था र पछिल्लो अवधिमा हेडवर्क्स स्थानान्तरण गर्नुपर्ने भनी विभिन्न निकायबाट सुझाव दिइएको आधारमा हेडवर्क्स स्थानान्तरण गर्ने भनिएको क्षेत्रको पनि टोलीले निरीक्षण गरेको छ ।

आयोजनाको लागत खर्च बढिरहेको, बाह्रै महिना काठमाडौँमा पानी पठाउन सक्ने अवस्था नरहेको, लार्के र याङ्ग्रीको पानी तत्काल आउने सम्भावना पनि नदेखिएको अवस्थामा हेडवर्क्स सार्न हतार गर्नुभन्दा पुरानै हेडवर्क्सलाई पुन: सञ्चालनमा ल्याउन थप उपायको खोजी गर्नु उचित हुने सुझाव टोलीले दिएको सांसद माझीले बताउनुभयो ।

मेलम्चीबाट दुई हजार सात सय मिटर लामो सुरूङ बनाएर सुन्दरीजलस्थित प्रशोधन केन्द्रमा पानी ल्याइएको छ । हाल मेलम्चीबाट दैनिक १७ करोड लिटर पानी पठाइरहेको आयोजना प्रमुख रत्न लामिछानेले बताउनुभयो । उहाँका अनुसार सुक्खायाममा अहिले दैनिक १७ करोड लिटर पानी गइरहेको छ । कहिलेकाहीँ १८ करोड लिटरसम्म पनि जाने गरेको छ । याङ्ग्री र लार्केसम्म जाने 'एप्रोच रोड' निर्माण भइरहेको र अन्य डिजाइनको काम पनि जारी छ ।

आयोजना प्रमुख लामिछानेले पहिलेको मुख्य द्वार र संरचना रहेको हेडवर्क्सलाई सञ्चालन गर्दा जोखिम कायम हुने भएकोले नौ सय मिटरमाथिको सहज स्थानबाट मुहान बनाई सुरूङमार्फत मूल टनेलमा पानी पुऱ्याउने विषयमा सरकारलाई प्रस्ताव गरेको तर निर्णय नभएकाले कार्यान्वयन गर्न नसकिएको बताउनुभयो ।

मेलम्चीका स्थानीयवासीले भने आयोजना निर्माणको ठेक्का पाएको कम्पनी सीएमसीले काम गर्दाको बक्यौता नतिरेको र स्थानीयको पक्षमा गर्नुपर्ने दायित्वका काम मेलम्ची आयोजनाले नगरेको गुनासो गरेका छन्भने आयोजनाले भने सीएमसी र सरकारबिच कानुनी लडाइँ रहेकोले समस्या भएको बताएको छ ।

## जलजलामा ७५ हेक्टरमा सुन्तलाजन्य फलफूल विस्तार गरिँदै

पर्वत, ३० वैशाख । जलजला गाउँपालिकाको ७५ हेक्टर क्षेत्रफलमा सुन्तलाजन्य फलफूल खेती विस्तार गरिने भएको छ ।

जनशक्तिको अभावमा बाँझै रहेको जमिन उपभोग गर्ने उद्देश्यले जलजलाका विभिन्न वडामा रहेको खाली जमिनमा फलफूल खेती विस्तार गर्न थालिएको हो । मुख्यगरी सुन्तला र कागतीखेती विस्तार गरिने भएको छ ।

गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यका अनुसार जलजलामा 'पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना' अन्तर्गत ६० हेक्टर क्षेत्रफलमा सुन्तला र १५ हेक्टर क्षेत्रफलमा कागतीखेतीको बगैँचा निर्माणको प्रक्रिया सुरू गरिएको छ । पहिलो चरणमा सम्भाव्यता अध्ययन गर्ने र सफल भएमा आगामी वर्षमा थप क्षेत्रफलमा पनि बगैँचा निर्माण गर्ने गरी बगैँचा निर्माण गर्न लागिएको उहाँले बताउनुभयो ।

सुन्तला बगैँचाका लागि वडा नं ७ धाइरिङको बरायदेखि चिसापानी हुँदै छेडा बराहाको घेराभित्र रहेको जमिनलाई तयार गर्न थालिएको छ । पातलपानीदेखि पुर्निखोरियासम्मको क्षेत्रमा कागती बगैँचा निर्माणको लागि काम सुरू गरिएको अध्यक्ष आचार्यले जानकारी दिनुभयो ।

मकै, धान, कोदोजस्ता अन्नपातको राम्रो उत्पादन हुने खेतबारी लामो समयदेखि झाडीमा परिणत भएको छ । उत्तरी मोहोडामा फर्किएको यहाँको जमिन सुन्तला र कागतीखेतीका लागि उपयुक्त रहेकाले यो क्षेत्रलाई व्यवस्थापन गर्न थालिएको अध्यक्ष आचार्यले बताउनुभयो ।

गाउँपालिकाको कृषि उत्पादनलाई आत्मनिर्भर बनाइ हजारौँ हेक्टर जमिनमा व्यावसायिक फलफूलखेती गरेर रोजगारी सिर्जना गर्नका लागि 'पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना' महत्त्वपूर्ण हुने कृषि विकास निर्देशनालय गण्डकीका निर्देशक वासुदेव रेग्मीले जानकारी दिनुभयो ।

व्यक्तिगत वा क्लस्टरमा कम्तीमा पनि २० देखि पाँच सय रोपनी क्षेत्रफलमा बगैँचा स्थापना गर्ने र खाली जमिनबाट उत्पादन लिने लक्ष्य आयोजनाको छ । यस्ता फार्ममा लाग्ने कूल लगानीको ५० प्रतिशत आयोजनाले बेहोर्ने भएको छ भने बाँकी कृषक वा कृषि समूहले व्यहोर्ने भएका छन् ।

यो कार्यक्रमको कार्यान्वयनको मुख्य जिम्मेवार निकायका रूपमा स्थानीय तहलाई नै राखिएको छ । स्थानीय तहको उपप्रमुख नै कार्यक्रमका लागि बन्ने समितिको प्रमुख हुने व्यवस्था भएकाले प्रभावकारीरूपमा सञ्चालन हुनेछ । त्यसमा आयोजना र कृषि ज्ञान केन्द्रसहित प्रदेशका प्रतिनिधि पनि समावेश हुनेछन् । कृषकलाई शतप्रतिशत अनुदान दिँदा राज्यको मात्रै लगानी रहेको भन्दै बेवास्ता हुनसक्ने भएकाले कृषककोसमेत लगानीमा कार्यक्रम आयोजनाले काम गर्न लागेको निर्देशक रेग्मीले बताउनुभयो ।

# भाँगो र आलुसँग चामल साटेर गुजारा गर्दै बागलुङको रमुवाका बासिन्दा

ढोरपाटन (बागलुङ), ३० वैशाख (रासस) । बागलुङको उच्च पहाडी क्षेत्रमा पर्ने रमुवा गाउँ आलुखेतीको लागि प्रख्यात छ । गलकोट नगरपालिका-१० मा पर्ने यस गाउँमा आलु र भाँगोबाहेक अन्य बाली निकै कम लाग्ने भएकोले गाउँका सबै आलुखेतीमा व्यस्त छन् ।

आलुखेतीबाटै उक्त गाउँका स्थानीयले जीविकोपार्जन गर्दै आएका छन् । भौगोलिक विकटताका कारण आलु बजारसम्म पुऱ्याउन पनि समस्या छ । उत्पादन भएको आलुलाई बजारीकरण गर्न सडक स्तरोन्नति हुनुपर्ने स्थानीयको माग छ । आलु र भाँगो एकै ठाउँमा उत्पादन गर्न सकिने हुँदा किसानले बढी लाभ लिएका छन् ।

दुर्गम गाउँ भए पनि रमुवामा २०६५ मा स्थानीयको लगानीमा सडक निर्माण भएको थियो । उक्त सडक हालसम्म पनि स्तरोन्नति हुनसकेको छैन । बजार क्षेत्रमा रासायनिक मल प्रयोग गरी उन्नत जातका आलुको उत्पादन हुने गरे पनि रमुवाको किसानले रैथाने जातका आलुखेतीमा प्राङ्गारिक मल प्रयोग गर्दै आएका छन् । पशुपालन र आलुखेती यहाँका स्थानीयको मुख्य पेसा हो । प्राङ्गारिक मलका कारण एकै परिवारले वार्षिक तीन हजारदेखि पाँच हजार क्विन्टलसम्म आलु उत्पादन गर्छन् ।

रमुवामा हरेक वर्ष ४० देखि ५० हजार क्विन्टल आलु उत्पादन हुने गरेको छ । यो गाउँमा करिब एक सय ३० परिवार स्थायी रूपमा बसोबास गर्दै आएका छन् । त्यसमध्ये अधिकांशले भेडाबाख्रा र गाईभैँसीपालन गर्ने हुँदा मलको कुनै समस्या छैन । गाउँमा खाद्यबाली उत्पादन कम हुँदा वर्षभरि खान पुग्दैन । त्यसले गर्दा भाँगो र आलुसँग चामल साटेर गुजारा चलाउनुपर्ने स्थिति छ । पालिकाको केन्द्र गलकोटसम्म पुग्ने सडक स्तरोन्नति भए आलु बजारीकरणमा कुनै समस्या नहुने गलकोट नगरपालिका-१० रमुवाका स्थानीयसमेत रहनुभएका पूर्वअध्यक्ष तिलक घर्तीमगरले बताउनुभयो ।

रमुवामा उत्पादन हुने आलु गलकोट, बागलुङ, पोखरा, काठमाडौँ, चितवनलगायतका ठाउँमा पुग्ने गर्छ । वर्षौं पहिलेदेखि नै यहाँका नागरिक आलुखेतीमा लाग्दै आएका हुन् । समुद्री सतहबाट दुई हजार दुई सय मिटरभन्दा माथिको उचाइमा रहेको रमुवामा धान, गहुँ भने उत्पादन हुँदैन । प्रविधिको विकास भए पनि आफूहरूले परम्परागत रूपमा प्राङ्गारिक आलु उत्पादन गर्ने स्थानीय दिव्या रानाले बताउनुभयो । हरेक वर्ष एकै परिवार ५० देखि १०० मुरीसम्म आलु फलाउने उहाँले बताउनुभयो । आलु फल्ने समयमा कुनै पनि रोगको प्रकोप नदेखिए हरेक वर्ष उत्पादन वृद्धि हुने राना बताउनुहुन्छ । आलुखेतीबाटै परिवारको लालनपालन, पढाइलेखाइदेखि जीविका चलाउने गरेको उहाँले सुनाउनुभयो ।

गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले रमुवालाई आलु पकेट क्षेत्र घोषणा गरेर उत्पादन वृद्धिमा लागेको राससलाई बताउनुभयो । यहाँका किसानलाई आलुखेतीतर्फ अझ प्रोत्साहन गर्न कृषिसम्बन्धी तालिम, आवश्यक प्राविधिक सहयोग गर्दै आएको उहाँले बतानुभयो । अब नगरपालिकाले उत्पादनका आधारमा किसानलाई अनुदान दिने नीति रहेको उहाँले जानकारी दिनुभयो । हाल सडक कच्ची भए पनि किसानलाई बजारसम्म आलु पुऱ्याउन समस्या नभएको बताउँदै उहाँले उत्पादित आलुले बजार नपाए पालिकाले नै जिम्मा लिने स्पष्ट गर्नुभयो ।

प्रवक्ता भण्डारीले भन्नुभयो, "रमुवा आलु उत्पादनका लागि उर्वरभूमि हो, पछिल्लो समय विषादी प्रयोग गरेको आलु बजारमा आइरहेको बेला यहाँका किसानले त्यस्तो मल प्रयोग नगरी  उत्पादन गर्छन्, जैविक आलुको बजार पनि राम्रो छ, किसानले बजार पाएन भनेर गुनासो गर्नुभएको छैन, उहाँहरूले उत्पादन गरेको आलु बिक्री नभए नगरपालिकाले त्यसको जिम्मा लिन्छ र किसानलाई उचित मूल्यको व्यवस्था गर्छ, सिङ्गो गाउँ नै आलुखेतीमा लाग्दा उत्पादन हरेक वर्ष बढेको छ, नगरपालिकाले समय-समयमा किसानलाई प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ ।"

## 'सवारी कथाहरू' प्रदर्शनी हुँदै

काठमाडौँ, ३० वैशाख । सवारी साधनको पछाडि लेखिने साहित्यिक लेखन पछिल्लो समय ट्राफिक प्रहरीले हटाउन सुरुआत गरेको छ । कलाकार भने सवारी साहित्यको संरक्षण गर्नुपर्छ भनेर कला प्रदर्शनी गर्दै छन् ।

बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा मङ्गलबार 'सवारी कथाहरू' शीर्षकमा फोटो, भिडियो र डिजिटल चित्रकला प्रदर्शनी हुँदै छ । यसमा आभूषण गौतम श्रावस्ती घोष दास्तिदारले फोटोग्राफी प्रदर्शनी गर्नुहुनेछ । दास्तिदार भारतका कलाकार हुनुहुन्छ ।

त्यस्तै, उर्जा आर्चायले डकुमेन्ट्री देखाउनुहुनेछ भने शुभ जोशीले इलिस्ट्रेसन (डिजिटल चित्रकला) प्रस्तुत गर्नुहुनेछ । कलाकार ऊर्जाका अनुसार सवारी साधनमा प्रयोग गरिने साहित्यिक कला एवं रचना समाजका लागि सन्देशमूलक बन्दै आएको छ । जनुसुकै कुरालाई सहजै सूचना दिनेमा सवारी साहित्य प्रभावकारी माध्यम हो ।

साथै यो एक प्रकारको रचनात्मक साहित्य संस्कृति भएकाले हटाउनुको सट्टा जोगाउनुपर्ने ऊर्जाले बताउनुभयो । मङ्गलबार प्रदर्शनीमा आउने दर्शकले समेत सवारी साहित्य सिर्जना गर्ने र छलफल गर्ने कार्यक्रम रहेको उहाँले सुनाउनुभयो ।

"सवारी साहित्यका कथाहरू हाम्रो जनजीवनसँग जोडिएका छन्", उहाँले भन्नुभयो, "प्रदर्शनीमा आउनुहुने दर्शकले मनोरञ्जन पाउनाका साथै केही न केही सन्देश लिएर जानुहुनेछ भन्ने विश्वास लिएका छौँ ।"

। सम्पादकीय ।

# भ्रष्टाचारको बढोत्तरीमा शासक दलहरू जिम्मेवार

लोकतान्त्रिक गणतन्त्र नेपाली जनताको जनआन्दोलनको माग र भावना भएपनि कमिसनतन्त्र, भ्रष्टाचार, अनियमितता, पक्षपातलगायत बेथितिहरूले गर्दा शासक नेताहरूको बदनामीसँगै व्यवस्थाकै बदनामी भइरहेको छ । सरकारको तीनवटै तहमा देखिने र नदेखिने दुवै किसिमका अनियमितता र भ्रष्टाचार बढिरहेको विभिन्न अध्ययनहरूको निष्कर्ष छ । अनियमितता र भ्रष्टाचारमा संलग्न नेता र उच्चपदस्थ कर्मचारीहरूमाथि कानुनी कारबाही नभएको उदाहरणहरूको कारण भ्रष्टाचारको ग्राफ उकालो चढिराखेको विज्ञहरू औँल्याउँछन् ।

देश सङ्घीय संरचनामा गएपछि देशमा केन्द्रीय, प्रदेश र स्थानीय तहका सरकार चलिरहेका छन् । जनताको स्वशासनको आकाङ्क्षा र माग पूरा गर्ने ध्येयले प्रदेश सरकारहरूलाई मात्र नभई स्थानीय तहलाई समेत अधिकारसम्पन्न बनाइएको थियो । त्यसलाई शासक दलका नेताहरूले सिंहदरवारको अधिकार गाउँगाउँसम्म पुगेको भनी निकै फलाको गरेका थिए तर व्यवहारमा जनताको पहुँचमा अधिकार पुग्नुभन्दा बढी सिंहदरवारको भ्रष्टाचार, अनियमितता र पक्षपात अहिले गाउँ गाउँ र वडा वडासम्म पुगेको देखिएको छ । अधिकारसम्पन्न सरकारहरूबाट हिजोआज आर्थिक अनियमितता मात्र नभई अनेक नीतिगत भ्रष्टाचार भइरहेको अनुगमनकारी संस्थाहरूले बताइरहेका छन् ।

हिजोआज राज्य वा सरकारको स्वामित्वमा रहेका जग्गा-जमिन, वन क्षेत्र र सहरी खुला ठाउँहरू अनेक कानुनी छिदको दुरुपयोग र तिगडमहरू गरेर व्यवसायिक घराना, समूह र व्यक्तिको नाममा लगिएका खुलासा एकपछि अर्को भइरहेका छन् । सरकार, सरकारी निगम, प्राधिकरण, परियोजना, आयोजना जताततै अनियमितता र भ्रष्टाचार भएका समाचार हरेक दिनजसो सञ्चारमाध्यममममा छाउने गरेका छन् । सडक, पुल, सरकारी कार्यालय भवन, विद्यालय, महाविद्यालय, विश्वविद्यालय भवन निर्माणदेखि जनहितको नाममा सञ्चालन हुने अनेक कार्यक्रमहरूमा भ्रष्टाचार हुने गरेका छन् । शासक दलका नेताहरू त्यसमा अलिकति पनि अप्ठ्यारो अनुभव गरिरहेका छैनन्, उल्टो दोषी वा जिम्मेवारमाथि कानुनी अनुसन्धान र छानबिन गर्नमा जोड दिनुको सत्ता त्यस्तालाई जोगाउनका लागि भएभरको तागत लगाइरहेका छन् । सत्तापक्षको अनियमितता र बेइमानी उदाङ्गो पार्ने कार्य प्रतिपक्षको भए पनि प्रतिपक्षको भूमिका निर्वाह भइरहेको छैन । कतिपय काण्ड र विषयहरूमा सत्ता पक्ष र प्रतिपक्ष तैं चुप मै चुपको सिद्धान्त अपनाइरहेका छन् ।

जनताको रगत पसिनाको कमाइ जम्मा हुने बैङ्क, वित्तीय संस्था र सहकारी संस्थाहरूसमेत भ्रष्टाचार र अनियमितताबाट मुक्त भएको अवस्था छैन । ती संस्थाहरूमा भएका अनियमितता र ठगीहरूमा शासक दलका विभिन्न तहका नेताहरूको प्रत्यक्ष र अप्रत्यक्ष संलग्नताको खुलासा हुन थालेका छन् । अनियमितता र भ्रष्टाचारको दुर्गन्ध देखिन थालेको छ ।

शासक दलका नेताहरू भने त्यसलाई देखेको नदेख्यै र सुनेको नसुन्यै गरिरहेका छन् । ती पार्टीका सांसदहरू चाकडी र घुर्की दखाएर भए पनि मन्त्री बन्ने, मन्त्री बन्नकै लागि पार्टी फुटाउने र सकेसम्म बढी जताततै कमिसन कुम्ल्याउने ध्याउन्नामा लागेका देखिन्छन् । मन्त्री, मुख्यमन्त्री र प्रदेश मन्त्री बन्ने आकाङ्क्षाको अस्वस्थ प्रतिस्पर्धाकै कारण शासक दलहरू फुट्ने र मिल्ने अनेक अनैतिक खेलहरू चलिरहेका छन् । जनतामाझ शासक राजनीतक दल र नेताहरूप्रति गहिरो वितृष्णा पैदा भएको छ, यसको लागि अरू कोही वा परिस्थितिभन्दा पनि शासक दलका नेताहरूको भ्रष्ट प्रवृत्ति र आचरण नै जिम्मेवार रहेको छ ।

# आतङ्कवादको अन्त्य गरौँ

✍ ली वेनहान

मार्च २२ मा मस्कोमा भएको आतङ्कवादी हमलामा तीन बालबालिकासहित कम्तीमा १४३ व्यक्तिको मृत्यु भएको थियो भने अन्य १८० जना घाइते भएका थिए । रुसी रक ब्यान्ड पिकनिकको प्रदर्शन हुनुभन्दा केही मिनेटअघि नै आतङ्ककारीहरूले भीडमा बन्दुक, ग्रेनेड र आगजनी गर्ने बमहरू प्रयोग गरेर नरसंहार सुरु गरिएको थियो ।

आक्रमणमा प्रत्यक्ष रूपमा सहभागी भएका संदिग्धहरूमध्ये ११ जना पक्राउ परेका थिए । एक अप्रमाणित अनलाइन समाचारको दावीमा तथाकथित 'इस्लामिक स्टेट' आतङ्कवादी समूहले आक्रमणको जिम्मेवारी लिएको छ, तर वास्तविक अपराधीहरूको बारेमा अन्तर्राष्ट्रिय समुदायमा शङ्का कायमै छ । तथापि, जिम्मेवार व्यक्तिहरूको पहिचानमा मात्र ध्यान केन्द्रित गर्नुको सट्टा, मुख्य चिन्ता भनेको आतङ्कवादलाई बढावा दिने स्थितिहरूलाई हटाउनु हो । रसियाका लागि अहिले सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको यस रक्तपातपूर्ण अपराधका पछाडिका मानिसहरूलाई नयाँ अपराध गर्नबाट रोक्न आफ्नो प्रतिरक्षा बलियो बनाउनु हो ।

"रुसी दूतावासले चिनियाँ नागरिकहरूबाट हजारौँ समवेदनाहरू प्राप्त गरेको छ । धन्यवाद", चीनमा रहेको रुसी दूतावासले मार्च २३ मा चिनियाँ सामाजिक सञ्जाल वाइबोमा भने, आक्रमणको लगत्तै, जुन मस्कोको उपनगरीय क्रोकस सिटी हलमा भएको साङ्गितीक कार्यक्रम स्थलमा आक्रमण भएको थियो ।

हजारौँ टिप्पणीहरूमा व्यक्त भावना थियो कि सर्वसाधारण मानिसहरूमाथि अन्धाधुन्ध आक्रमणहरू भए, ती अक्षम्य छन् । सन् २०२२ मा रुस-युक्रेन द्वन्द्व सुरु भएदेखि नै यसप्रति चिनियाँ इन्टरनेट प्रयोगकर्ताहरूको मनोवृत्ति ध्रुवीकरण भएको छ, तर आतङ्कवादी हमलाहरूको सन्दर्भमा सर्वसम्मत रूपमा निन्दा गरिएको छ ।

रुसले विगत दशकहरूमा ठुलो मात्रामा आतङ्कवादी हमलाको सामना गरेको छ । म्युजिक हमलामा भएको हताहतको सङ्ख्याले २००२ मा मस्कोको थिएटरमा भएको आतङ्कवादी हमलालाई नाघेको छ, र २००४ मा बेसलान बन्धक सङ्कटपछि दोस्रो ठुलो हमला बनेको छ । त्यस घटनामा, सेप्टेम्बर २००४ मा सयौँलाई बन्धक बनाएर दक्षिण रुसको बेसलानमा लगभग ३० चेचेन लडाकूहरूले एक विद्यालय कब्जा गरे । उक्त घटना घेराबन्दी र एक विभत्स नरसंहारको साथ टुङ्गिएको थियो । त्यस काण्डमा ३३० भन्दा बढी मानिसहरूको हत्या भयो, हत्या गरिएकामध्ये आधा बालबालिका थिए ।

रुसप्रति चीनको समानुभूति आतङ्कवादको शिकार भएको आफ्नो अनुभव र आतङ्कवादले कुनै सीमा, जाति वा आस्था नभएकोले मानव समाजमा विपत्ति र पीडा ल्याउँछ भन्ने गहिरो मान्यताबाट उत्पन्न भएको हो । सन् २००० को दशकदेखि आतङ्कवादको विरोधमा चीनले गरिरहेको प्रयास र उपलब्धिहरूका बाबजुद पनि विदेशी आतङ्कवाद चिनियाँहरूको सुरक्षा चुनौतीको रूपमा रहेको छ ।

मस्को त्रासदीको तीन दिनपछि, एक आत्मघाती बम आक्रमणकारीले उत्तरपश्चिम पाकिस्तानमा बाँध परियोजनामा काम गरिरहेका चिनियाँ इन्जिनियरहरूको लामसित एउटा गाडी ठोक्यो, जसमा पाँच चिनियाँ नागरिक र एक पाकिस्तानीसहित ६ जनाको मृत्यु भयो ।

विगत दसकहरूमा चीनमा आतङ्कवादको छायाले छाया पारेको छ, हजारौँ आक्रमणहरूले मृत्यु, चोटपटक र सम्पत्तिको क्षति निम्त्याएको छ । चिनियाँ जनताको साझा चाहना यस खतराविरुद्ध एकजुट भएर उभिने हो भन्ने कुरालाई स्वीकार गर्नु महत्त्वपूर्ण छ ।

जुलाई ६, २००९ मा, सिन्जियाङ उइगुर स्वायत्त क्षेत्रको उरुम्चीमा एउटा डरलाग्दो हिंसात्मक घटना भएको थियो, तथ्याङ्कअनुसार १९७ जनाको मृत्यु भएको थियो । यसले आतङ्कवाद र चरमपन्थीविरुद्ध दमन गर्न एक अभूतपूर्व अत्यावश्यकता सिर्जना गऱ्यो ।

एक दशकभन्दा बढीको आतङ्कवादविरोधी प्रयासहरूसित चीनमा विगत ६ वर्षदेखि हिंसात्मक आतङ्कवादी घटनाहरूको उल्लेखनीय रूपमा कमी आएको छ ।

तर, कुनै पनि देशले एक्लै आतङ्कवादसँग लड्न सक्दैन । प्रभावकारी विश्वव्यापी आतङ्कवाद प्रतिरोधको लागि प्रमुख शक्तिहरूबिचको सहकार्य आवश्यक छ ।

प्रश्न यो छ, तीव्र भूराजनीतिक प्रतिस्पर्धाको युगमा आतङ्कवादसँग लड्न अन्तर्राष्ट्रिय सहयोग कसरी सम्भव र प्रभावकारी हुनसक्छ ? अहिलेको प्रवृत्ति चिन्ताजनक छ । पेरिस र म्याड्रिड, बगदाद र बर्लिन, बेसलान र मुम्बईमा ठुलो मात्रामा भएका आक्रमणहरूमा सयौँ सर्वसाधारणको मृत्यु भएका छन् । अब यो मस्कोमा भएको छ र नयाँ नामहरू दुःखद रूपमा यो सूचीमा सामेल हुनसक्छ ।

अन्तर्राष्ट्रिय समुदायले आतङ्कवाद भनेको के हो भन्ने साझा परिभाषा बनाउन असफल भएको छ । केही देशहरूले आतङ्कवादी कार्यको निन्दा गर्छन् । तर, आतङ्कवादविरोधी वा राजनीतिक उद्देश्यलाई आतङ्कवादसँग जोड्ने दोहोरो मापदण्डले उल्टो असरमात्र गर्छ र आतङ्कवादलाई फस्टाउन अनुमति दिन्छ । दुर्भाग्यवश, विगतमा केही राजनीतिज्ञ र मिडिया आउटलेटहरूबिच एक प्रचलित दोहोरो मापदण्ड रहेको छ ।

अन्तर्राष्ट्रिय आतङ्कवाद झन् जटिल र धूर्त बन्दै गएको छ । रसियामा भएको आतङ्कवादी हमलाले एउटा सानो तर सुसज्जित कट्टरपन्थी समूहले कति क्षति पुऱ्याउन सक्छ भन्ने स्पष्ट रूपमा देखाउँछ । यो रिपोर्ट गरिएको छ कि बन्दुकधारीहरू राम्ररी तयार थिए, कारबाट भाग्न २० मिनेटभन्दा कम समय लाग्थ्यो तर कन्सर्टमा मानिसहरूलाई प्रतिक्रिया दिन कुनै समय नदिई हत्याकाण्ड मच्चाए ।

आतङ्कवाद विकसित हुँदै छ, नयाँ रूपहरू उत्पादन गर्दै छ । विश्वव्यापी शासनमा जारी सुधारहरूद्वारा मात्र हामी आतङ्कवादको जरालाई उन्मूलन गर्ने आशा गर्न सक्छौँ । यस उद्देश्यलाई पछ्याउन ठुला शक्तिहरूबिच द्वन्द्व र शत्रुताको सट्टा बुद्धि र दृढता आवश्यक छ । अन्यथा, अन्तर्राष्ट्रिय आतङ्कवादबाट हाम्रो साझा भविष्यको जोखिम मात्र बढ्नेछ ।

*- बेइजिङ रिभ्युबाट*
*अनुवाद : प्रकाश*

# मजदुर दैनिकमा जानकारीमूलक लेख-रचना प्रकाशन सान्दर्भिक

प्रिय सम्पादकज्यू,
मजदुर दैनिक, भक्तपुर ।
प्रिय सम्पादक ज्यू,

तपाइँको 'मजदुर' दैनिकले नेपालका अन्य समाचारपत्रहरू र पत्र-पत्रिकाहरूले नदिने अन्तर्राष्ट्रिय समाचारहरू र जानकारीहरू छापेर नेपाली पाठकहरूलाई लाभान्वित गर्ने काम गर्दै आउनुभएकोमा धन्यवाद छ । जस्तै आजको ३० वैशाख २०८१ को 'मजदुर' मा 'किन अमेरिकी युवाहरू गाजाको साथमा खडा छन् ?' 'युरोपेली देश स्वीडेनको माल्मो सहरमा गाजामा इजराइलद्वारा भइरहेको हमला र नरसंहार बन्द हुनुपर्ने माग गर्दै प्यालेस्टाइन समर्थक प्रदर्शनकारीहरू विरोध प्रदर्शन गर्दै गरेको' ११ मई २०२४ अर्थात् २९ वैशाख २०८१ शनिबारको फोटो सहितको समाचार छाप्यो ।



पाठक पत्र

majdurdaily@gmail.com

त्यस्तै २९ वैशाख २०८१ को 'मजदुर'ले ९ मई २०२४ अर्थात् २७ वैशाख २०८१ को दिन मेक्सिकोको मेक्सिको सिटीमा मेक्सिको र इजराइल बिचमा शैक्षिक, राजनैतिक र आर्थिक सम्बन्ध तोड्न माग गर्दै प्यालेस्टाइनका जनतासँग ऐक्यबद्धता व्यक्त गर्दै अन्तर्राष्ट्रिय विश्वविद्यालय र लोकप्रिय सभाका कार्यकर्ताहरू र विश्वविद्यालय र माध्यामिक विद्यालयमा विद्यार्थीहरू गाजामा इजराइलको आक्रमण र नरसंहारको विरोध गर्न शिविरको हिस्साको रूपमा मेक्सिकोको स्वायत्त विश्वविद्यालयको रेक्टरी भवन अगाडि मार्च गर्दै' गरेको तस्बिरसहित समाचार छापेको थियो ।

२८ वैशाख २०८१ को 'मजदुर' मा ल्याटिन अमेरिका वा दक्षिण अमेरिकी देश अर्जेन्टिनाको राजधानी ब्यूनर्सआयर्समा राष्ट्रपति मिलेइले ल्याएको पेन्सन कटौतीलगायत समाज कल्याण बजेट कटौतीसहितको आर्थिक कार्यक्रमको विरोधमा प्रदर्शन गर्दै सेवानिवृत्त कर्मचारीहरूको मई २०२४ को अर्थात् २६ वैशाख २०८१ को समाचारलाई तस्बिरसहित छापेको थियो ।

नेपालमा ठुला-बडा कर्मचारी, उद्योगपति-व्यापारी र शाषक दलका नेताहरूसँग सम्बन्धित व्यक्तिहरूले अत्याधिक मात्रामा भ्रष्टाचार गरेको नेपाल सरकारले पनि पेन्सन मात्र होइन सेना, प्रहरी, कर्मचारी र शिक्षकहरूको समेत तलबमा कटौती गर्न सक्ने सम्भावना बढ्दै छ । यसकारण, सरकारले अपराधी र भ्रष्टाचारीहरूलाई जेल सजाय मात्र होइन तिनीहरूमा घर-जग्गा र आर्जन गरेका सबै सम्पत्ति जफत हुने ऐन कानुनमा सुधारको आवश्यकता छ । उद्योगपति र व्यापारीहरू र भन्सारका कर्मचारी मिलेर ठुलो भ्रष्टाचार गरेको कारण पनि सरकारको आम्दानी घटेर देशमा आर्थिक मन्दीले ठुलो आर्थिक सङ्कट ल्याउने निश्चित छ ।

'मजदुर' दैनिकले नेपालकै समाचारपत्र र पत्र-पत्रिकाहरूले छापेका राम्रा र महत्त्वपूर्ण समाचारहरू पनि साभार गर्दा पाठकहरू लावान्वित हुने विश्वास छ । उदाहरणको निम्ति तलका केही उदाहरण लिऔँ ।

१. 'भिटामिनको नाममा आर्थिक शोषण' भन्ने शीर्षकमा प्रा.डा. ढुण्डिराज पौडेलको 'इजलास' स्तम्भको सो जानकारी हाम्रा पाठकहरूको निम्ति जानकारीमूलक हुन्छ । अन्नपूर्ण पोष्ट-३० वैशाख, २०८१ ।

२. ३० वैशाख २०८१ को 'नेपाल समाचार'ले पाँचौं पृष्ठमा रामेछाप जिल्लाको 'वनमा आगो लगाउने पक्राउ' शीर्षकको एक समाचार छाप्यो ।

रामेछापको वन डिभिजन कार्यालयको रिपोर्ट अनुसार ४ हजार ५ सय हेक्टर वन सखाप पार्नेहरू रामेछाप नगरपालिका-१, गोठगाउँका २५ वर्षीय सुभाष महत र लिखु तामाकोशी गाउँपालिका-३, का २३ वर्षीय अशोक महत पक्राउ परेका छन् ।

यो अपराध वनको ठाउँमा नयाँ बस्ती बनाउने घर-जग्गाका व्यापारीहरूले अपराध हो वा कुनै राजनैतिक दल वा संस्थासमेत यसमा संलग्नहरू गम्भीर रूपले छानबिन गर्नुपर्ने विषय हो । यो सामान्य जुत्ता चोर र मोटरसाइकल चोर नभई देश विरोधी कार्य हो । देशभर यसको गिरोहहरू (अपराधी ग्याङ्ग) बारे छानबिन र क्षतिपूर्ति भराउने ऐन नियम आवश्यक छ ।

३. ३० वैशाख, २०८१ को 'राजधानी' दैनिकले लेखेको, 'सेतो बाकसमा सपना बोकेकी महिला' समाचार अनुसार हरेकदिन विदेशबाट लास भित्रिन्छ, तर लासको राम्ररी प्रशिक्षण र छानबिन हुँदैन । दोस्रो विषय हो, ती श्रमिकहरूको पेन्सनको र घाइते हुँदाका सबै खर्च तत् तत् म्यानपावर कम्पनीले व्यहोर्ने गर्ने ऐन नियम बनाउनेमा सरकारको ध्यान जानु जरूरी छ ।

मिति ३० वैशाख, २०८१, भक्तपुर ।

*- एक नियमित पाठक*

# पेइचिङ रिभ्युका पछिल्ला केही अङ्कहरू सरसरती हेर्दा


समा

सन् १९५८ देखि चीनको विषयमा निरन्तर विश्वलाई सत्यतथ्य र ताजा जानकारी दिँदै आइरहेको साप्ताहिक पत्रिकाको नाम हो पेइचिङ रिभ्यू । चीनको राजनीतिक विचार, आर्थिक विकास, सांस्कृतिक रूपान्तरण, कूटनीटिक प्रयासका श्रृङ्खलाहरू यसभित्र भेटिन्छन् । यसर्थ पेइचिङ रिभ्यू समकालीन चीनको दर्पण हो । यसभित्र चिनियाँ अर्थतन्त्र र सभ्यताको पुनर्जागरणको कथा र गाथा दुवै पढ्न पाइन्छ । विश्व व्यवस्थामा चीनको विशिष्ट स्थानबारे आज कसैले नकार्न सक्दैन । विश्वमा एकहट्टी र प्रभुत्वविरुद्ध बहुपक्ष र बहुध्रुवका लागि चीनको लामो सङ्घर्षको बलियो ज्यावलमध्ये पेइचिङ रिभ्यू पनि एक हो भन्नु उपयुक्त होला ।

देश–देश र जनता–जनताबिच आर्थिक र सभ्यताको सम्बन्धलाई जोड दिँदै आइरहेको चीनको विदेश नीति र कूटनीति बुझ्न पेइचिङ रिभ्यूका हरएक अङ्कहरू पठनीय छन् । अन्य देशलाई थिचोमिचो नगरी, उपनिवेश खडा नगरीकन विश्वको महत्त्वपूर्ण शक्ति या साझेदार देश बन्न सकिन्छ भन्ने उदाहरण बनेको चीनको विचार, गतिविधि र भावी एजेण्डाहरू विश्वसँग साट्ने माध्यम पनि हो पेइचिङ रिभ्यू । तसर्थ पेइचिङ रिभ्यूलाई वर्तमान चीन नियाल्ने एउटा आँखीझ्याल भन्न सकिन्छ ।

यो पटक मार्च र अप्रिलका ४ वटा अङ्कहरूबारे चर्चा गर्न खोजिएको छ । यी चार अङ्कहरूमा विशेषगरी चीनमा अर्थतन्त्रको वर्तमान अवस्था र भविष्यबारे चर्चा छ । आर्टिफिसियल इन्टेलिजेन्स् अर्थात् कृत्रिम बौद्धिकताको क्षेत्रमा चीनको चमत्कार, विश्वव्यापी सभ्यता अगुवाइका लागि चीनका प्रयासहरूबारे महत्त्वपूर्ण छलफल छ । त्यतिमात्र होइन अमेरिका, रुस, यूरोप र अफ्रिकासँग चीनको सम्बन्धबारे महत्त्वपूर्ण जानकारी यी अङ्कहरूभित्र छ । कोभिड महामारीपछि विश्व संरा अमेरिकी युद्ध र आर्थिक मन्दीको सामना गरिरहेको यो समयमा चीनले आफ्नो आर्थिक वृद्धिदरलाई ५ प्रतिशत कायम राख्ने लक्ष्य लिएको छ । यसै वर्ष चीनले १ करोड २० लाख सहरी रोजगारी सृजनाको ग्यारेन्टी गर्यो । आज चीनमा गरिबी दर शुन्यजस्तै छ यद्यपि जनताको प्रतिव्यक्ति आम्दानी र क्रय क्षमता सन् २०३५ सम्ममा बढाएर विकसित देशको हाराहारी पुऱ्याउने लक्ष्य लिइएको छ । अर्थतन्त्रको द्रुत विकासका लागि डिजिटल अर्थतन्त्र, वातावरणमैत्री उत्पादन र स्वस्थकर उपभोगलाई ध्यानमा राखिएको छ । चीनको उद्देश्य समृद्धि र स्थायित्व नै हो । आइपरेका सूक्ष्म एवम् बृहत् आकारका चुनौतिहरूसँग बुद्धिमत्तापूर्ण मुकाविला र धैर्य नै चीनको विशेषता हो ।

विश्वको थिङ्क ट्याङ्कले ( अमेरिका, रुस, भारत, क्यानका विज्ञ समूह) २०३५ सम्ममा चीन संरा अमेरिकालाई पछि पार्दै विश्वको पहिलो आर्थिक शक्ति बन्ने प्रक्षेपण गरेको छ । अन्य कुरा यथावत् रहे चीनको तीब्र विकास र अन्तर्राष्ट्रिय जगतमा चीनको मुद्राको लोकप्रियताले यही सङ्केत गर्छ । चीनको आर्थिक विकासको इतिहासदेखि वर्तमानको अध्ययनबाट अबका वर्षहरूमा चीनले गर्न सक्ने महत्त्वपूर्ण कामहरूको पूर्वानुमान रेनमिन विश्वविद्यालयका विज्ञहरूले गरेका छन् । "कम्पाउन्ड इन्टरेष्ट" शीर्षकको एउटा लेखमा लेखिएको छ -"सन् २०३५ सम्म चीनमा उच्च गुणस्तरको विकास र सामाजिक विकास सम्भव छ ।" चीनले अर्थतन्त्रमा




गरेको लगानीमा अब कमाइ अर्थात् आम्दानीमात्र जोडिनेछ, लगानीमा ह्रास सम्भव छैन । कम्पाउण्ड इन्टरेस्टको अवधारणा त्यही हो । कम्पाउण्ड इन्टरेस्ट अर्थात् मिश्रित ब्याजको विचारले अब चीनका अगुवाइहरू, सुधार, खुलापन र हरित विकासलाई जोड दिनेछ ।

चीनको अर्थतन्त्र सधैँ सिधा रेखामा हिँडेको छैन । चीनको आर्थिक विकास र सफलता यसको जमिन या जगसँग जोडिएको छ । यसको अर्थ चीनको अर्थनीति या अर्थशास्त्रकै कारण चीन सफल भएको हो भन्नेमा संसारका विज्ञहरू सहमत छन् । त्यसकारण चीनको आर्थिक वृद्धिलाई तिनीहरू Endogenous growth भन्न रुचाउँछन् । जसमा मानवीय पुँजी, प्राविधिक अन्वेषण र ज्ञानको संयुक्त लगानी भएको हुन्छ । चीनको अर्थतन्त्रको दुई महत्त्वपूर्ण पाटोमध्ये पूर्ण औद्योगिक सञ्जाल र तीब्र आविष्कारको गति हो भन्छन् विज्ञहरू ।

सन् २०३५ भिजनअन्तर्गत चीनले गुणस्तरीय आर्थिक विकास र उत्पादनलाई जोड दिएको छ । प्रतिव्यक्ति खर्च गर्न सकिने आम्दानीलाई सन् २०२३ को तुलनामा दोब्बर गर्ने र खर्च गर्न सकिने राष्ट्रिय प्रतिव्यक्ति आम्दानी ३९२१८ युआन अर्थात् ५४२० अमेरिकी डलर पुऱ्याउने लक्ष्य लिइएको छ । मध्यम स्तरको आम्दानीलाई बढाएर जनसङ्ख्याको अनुपातअनुसार एकतिहाइदेखि आधाआधीसम्म पुऱ्याउने योजना छ । अर्थशास्त्रमा क्रयशक्ति क्षमताको अवधारणा निकै प्रभावकारी छ । किनभने यसले अन्तर्राष्ट्रिय अर्थतन्त्रमा मुद्राको मूल्य र जीवनस्तरबिच तुलनात्मक अध्ययन गर्छ । चिनियाँ भिजन २०३५ अनुसार प्रत्येक ३ घरमा एउटा नयाँ ऊर्जाबाट सञ्चालित सवारी साधन हुनेछ । चीनका लागि ऊर्जा सवारीसाधन भन्नाले विद्युत् या ब्याट्री र पेट्रोलियम र विद्युत् दुवैको प्रयोग हुने हाइब्रीड सवारीसाधन पर्छन् । चीनले विश्वव्यापी शान्ति र स्थायित्व कायम गरी नयाँ विश्व व्यवस्था निर्माण गर्ने लक्ष्य राखेको छ । चीनले संसारका लागि आफ्नो ढोका खुला गर्नेछ करिब ७० देशबाट १२० देशलाई भिसा अन अराइभल अर्थात् आपसी भिसा छुटको व्यवस्था गर्नेछ । चीनले सन् २०३० अगावै आफ्नो कार्बनडाइअक्साइड उत्सर्जन सिमाभित्र काम गर्नेछ ।

चीन हरित विकासमा निकै अघि बढिसकेको छ । चिनियाँ कम्पनीहरूको प्रतिस्पर्धा क्षमताको उँचाइ अझ बढ्नेछ । चीन संसारकै सबैभन्दा उत्कृष्ट र परिपक्व पुँजी बजार बन्नेछ जहाँ ए ग्रेडको सेयर वृद्धि तिब्र हुनेछ । चीनको एक क्षेत्र एक मार्ग अगुवाइको २० औँ वर्षगाँठसँगै विश्वकै सबैभन्दा ठूलो सहकार्यको नमुना बन्नेछ । यसर्थ चीनको भविष्य उज्ज्वल छ । विज्ञहरू भन्छन् - "चीनको ठूला जनसङ्ख्या, ठूलो बजार, अत्यन्त स्मार्ट र मिहिनेती मानिसहरू र मजबुत औद्योगिक धरातलको कारण चीन निकट भविष्यमा सर्वश्रेष्ठ बन्नबाट कसैले रोक्न सक्नेछैन । थप प्रगतिको निम्ति घरेलु बजारमा सफ्टवेयर र सेवाप्रधान प्रविधि या मोडलको विकास हुनुपर्ने तर्क दिइएको छ । चीनको बढ्दो लोकप्रियता र द्रुत विकाससँगै चीन र संरा अमेरिकाबिच बढ्दो चिसोपना हटाउन जरुरी छ । चीन र संरा अमेरिकाबिचको द्वन्द्वले दुबैलाई फाइदा गर्दैन, संसारलाई नै पनि हित गर्दैन । त्यसकारण यी दुई देशबिचको सम्बन्ध राम्रो बनाउनु पनि २०३५ को भिजनअन्तर्गत पर्छ । अन्य देशहरूसँगको सम्बन्धमा त चीन कतै चुकेको छैन । आफ्नो राजनीतिक विचार र अडानबाट कहिल्यै पछि नहट्नु, विश्व शान्ति र विकासका लीग प्रतिबद्ध रहनु पनि चीनको विशेषता नै हो । जसले सन् २०३५ सम्ममा चीनलाई पहिलो आर्थिक शक्ति बन्न सघाउनेछ ।

चीनले आफ्नो विश्वव्यापी दायित्व पनि भुलेको छैन । सेवाको उद्देश्यले सञ्चालित चीनको राज्य नियन्त्रित इन्टरप्राइजेजले विश्वका १८० देश र क्षेत्रहरूमा ८ हजारभन्दा बढी संस्था र आयोजना विस्तार गरिसकेको छ । जसले विकासका पूर्वाधार निर्माण, ऊर्जाका स्रोतहरूको विकासमा सघाउँछ । साथै स्थानीय पर्यावरण र वातावरणको कानुनलाई आत्मसात गर्दै हरित विकासको अवधारणा विकासमा जोड दिन्छ । त्यतिमात्र होइन कुनै पनि देशको सार्वभौमिकता, मानवता र प्रकृतिको सम्मान गर्दै सहकार्य गर्दछ । रोजगारी सृजना, कलकारखाना सञ्चालन, शिक्षा, स्वास्थ्य सुविधाको विकासमा सघाउँछ । नयाँ नयाँ प्रविधि आविष्कारमा पनि इन्टरप्राइजेजहरूले छुट्टै लगानी गरेको हुन्छ । राज्य-सञ्चालित इन्टरप्राइजेज्ले मात्र यो वर्ष ४ अर्ब ६० करोड युआन लगानी गरेको जानकारी पेइचिङ रिभ्यूमा छ ।

गएको ४ दशकमा चीन विश्वअर्थतन्त्रमा १ प्रतिशत योगदान गर्ने देशबाट १८ देखि २० प्रतिशत योगदान गर्ने देश बनेको छ । चीनको अर्थतन्त्र विश्वकै सबैभन्दा दिगो र स्थायी वृद्धि हासिल गरेको अर्थतन्त्र बन्न सफल छ । केही समयअघि चीनविरुद्ध संरा अमेरिकाले व्यापारयुद्ध र प्रविधियुद्ध छेडेको थियो । चीनविरुद्ध बौद्धिक चोरी अर्थात् प्रविधि चोरीको आक्षेप लगाएको थियो । पेइचिङ रिभ्यूले संरा अमेरिकाका आक्षेपहरूलाई झुट र असङ्गत पुष्टि गर्दछ । चीनको उडान विश्वकै एउटा अन्वेषण शक्तिकेन्द्रको रूपमा हुँदै गरेको तस्वीर प्रस्तुत गर्दछ । हरेक वर्ष जारी हुने पेटेन्ट सहकार्य सन्धी (PCT) को २०२२ को प्रतिवेदनअनुसार १५७ देशहरूले १३४ पेटेन्टको आवेदन ८५ वटा आवेदन अफिसमार्फत् दिएका छन् । सबैभन्दा उत्कृष्ट १० वटा आवेदन अफिसमा ९३.८ प्रतिशत आवेदन परेको छ । जसमध्ये चीनको राष्ट्रिय सम्पत्ति प्रशासन अफिस एक हो । जहाँ चीनको ७४४२० वटा पेटेन्ट आवेदन परेको छ । त्यस्तैगरी संरा अमेरिकाको पेटेन्ट आवेदन ५५३३०, जापानको ४८८२६, युरोपको ३८८५४, कोरियाको २१९६४, र विश्व बौद्धिक सम्पत्ति संघको अन्तर्राष्ट्रिय ब्युरोले १३७१३ पेटेन्ट आवेदन दिएको तथ्याङ्क छ । यो तथ्याङ्कले प्रस्टसँग चीन नयाँ नयाँ अन्वेषण र आविष्कारमा अगाडि छ अर्थात् आफ्नो आविष्कारको ट्रेडमार्क लिन अग्रसर छ भन्ने पुष्टि हुन्छ ।

चीनले विज्ञान र प्रविधिका लागि थप वार्षिक बजेटमात्र ३ खर्ब ७० अर्ब ८० करोड युआन अर्थात् ५१ अर्ब २४ करोड अमेरिकी डलर प्रत्येक वर्ष १० प्रतिशतले वृद्धि हुनेगरी विनियोजन गरेको छ । हाल एसियामा सबैभन्दा बढी प्रविधि आविष्कार गर्ने चीन निकट भविष्यमै अन्वेषणको दुनियाँमा विश्वमै पहिलो हुने अनुमान सजिलै गर्न सकिन्छ । चीनले गएको वर्षमात्र सरकारी कामका लागि ३५ वर्षको सिमा हटाई ४० वर्ष तोकेको छ जसले युवाहरूमा काम गर्ने थप ऊर्जा थपेको छ । त्यतिमात्र होइन चीनले हरेक वर्ष आमाहरूका लागि अर्थात् बच्चा जन्माएर केही वर्ष घरमै बसेका महिलाहरूका लागि रोजगारी मेलाहरू आयोजना गर्दै छ । महिलाहरूलाई पनि श्रमशक्तिको रूपमा सशक्त बनाएरै मात्र चीनको आर्थिक वृद्धिको लक्ष्य हासिल हुनेमा कुनै शङ्का छैन । शिक्षा, स्वास्थ्यसँगै रोजगारी अर्थात् अर्थतन्त्र निर्माणमा चिनियाँ महिलाहरूको पनि समान योगदान हुनेछ । रोजगारी मेलाहरू आमाहरूलाई पुन: श्रमबजारमा फर्काउने चीनको नवीन योजनामध्ये एक हो । यो जस्तै मजदुर र किसानहरूलाई प्रविधिको ज्ञान दिन विभिन्न श्रम र सीप शिविरहरूको आयोजनाबारे पनि पेइचिङ रिभ्यूले लेखेको छ ।

पछिल्लो समय चीनका राष्ट्रपति सी चिङ फिङले अघि सार्नुभएको विश्वव्यापी सभ्यता अगुवाइबारे खुब चर्चा छ । एक हिसाबले विश्वमा सभ्यताहरूको आदानप्रदानको परिदृष्य तयार हुँदै छ । चीन एउटा सभ्यताको देश हो । ५००० हजार पुरानो इतिहास बोकेको चिनियाँ सभ्यता थुप्रै देशका निम्ति भाषा, संस्कृति, रहनसहनको आदर्श मात्र होइन स्रोत पनि हो । सन् १९७०-१९८० बाटै चीनले आर्थिक विकास र सांस्कृतिक एवम् नैतिक पक्षलाई जोड दिँदै आएको हो । नेता सीले आर्थिक, राजनीतिक, सांस्कृतिक, नैतिक, सामाजिक र पर्यावरणीय पक्षलाई क्रमिकरूपले महत्त्व दिनुभयो । उहाँ भन्नुहुन्छ – 'विभिन्न सभ्यताबिचको अन्तक्रिया मानवताको बिहानीदेखि सुरु भएको संस्कार हो ।' चीनकके विकासक्रम हेर्ने हो भने पहिला रेसम मार्ग, अहिले आधुनिक मार्ग र डिजिटल प्रविधिको सुविधाले विश्वव्यापीकरण र सभ्यताको आदानप्रदानलाई सहज बनाएको छ ।

चीनको सभ्यता अगुवाइका चारवटा स्तम्भहरू छन् -"सभ्यताको विविधताको सम्मान गर्नु सभ्यताको उत्तराधिकार र नवीनता स्वीकार्नु, मानवताको साझा भावना या मूल्यको कदर गर्नु र मानिस–मानिसबिच हुने अन्तर्राष्ट्रिय आदानप्रदान र सहकार्य स्वीकारर्नु ।" यो अवधारणाले देश देशबिचको समभावनालाई प्राथमिकतामा राख्छ । विभिन्न नाममा एउटा देशले अर्को देशलाई गर्ने थिचोमिचो र हेलाको दृष्टिकोणलाई अस्विकार गर्छ । सभ्यताको आदानप्रदानबाटै पूर्वले पश्चिम र पश्चिमले पूर्वसँग भेट गर्न पाउने र सम्बन्ध जिवन्त हुने तर्क दिन्छ । संरा अमेरिकाको पश्चिमीकरणको अवधारणाविरुद्ध सीको सभ्यता अगुवाइको यो विचार संरा अमेरिका नीतिमाथि शान्त अनि स्मार्ट मुक्का हो भन्छन् विज्ञहरू ।

चीनले राष्ट्रिय पुनर्जागरणका लागि मार्क्सवादी विचार रोज्यो । मार्क्सवादले सभ्यताबाट सिक भन्छ । त्यसकारण, मार्क्सवादको झण्डा बोक्दै चीनले आधुनिक विज्ञान र उद्योग पश्चिमबाट सिक्यो । आफ्नो संस्कृतिमा पश्चिमको प्रभाव पर्न दिएन । मार्क्सवादले सिकाएको द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणअनुरूप चीनले 'विपरीतहरूको एकता' मा ध्यान दियो । पुरानो शैलीको सोभियत समाजवादभन्दा फरक शैलीको समाजवादी अवधारणा विकास गर्यो । मार्क्सवाद सँगै चीनले चिनियाँ दार्शनिक कन्फुसियसको विचारलाई समाजवाद निर्माणको आलोचनात्मक चिन्तन या थ्रेसहोल्डको रूपमा विकास गर्यो । यसर्थ समाजवादी चिन्तन मानव सभ्यताको नवीन र आधुनिक उपलब्धि हो भन्न सकिन्छ । चीनले पुरानो शैलीको पश्चिमा विकास मोडेल अस्विकार गर्यो । साम्राज्यवाद, उपनिवेशवाद, नरसंहार र दास मनोवृति जस्तो पश्चिमा अभ्यास या विचारको विकल्प सहकार्यको सभ्यता बसाल्यो । अन्य विकसित र विकासशील मुलुकहरूमाथि हमला गरी आफू बलियो बन्ने पश्चिमा संस्कारबाट चीन धेरै टाढा बस्यो । आज पनि पश्चिमा समाजबारे चर्चा हुँदा साम्राज्यवादी युद्धहरू अगाडि आउँछ । आफ्नो प्रभुत्व र एकहट्टीको निम्ति युद्ध भड्काउने संरा अमेरिकी सभ्यता नै पश्चिमी सभ्यता हो ? त्यसो हो भने पश्चिम र पूर्वबिच 'सभ्यताको द्वन्द्व' हुन सक्छ यद्यपि साझा हितको धरातल खोज्न चीनले सदैव आह्वान गर्दै छ । चीन मार्क्सवादसँगै आफ्नो सभ्यताको आधार कन्फ्युसियस र ताओवादलाई मान्छ । मानव सभ्यताकै एक उत्कृष्ट र प्राचीन सभ्यताको रूपमा लिइने चिनियाँ सभ्यता विश्व शान्ति र विकासको आह्वान गर्दै छ ।

सभ्यताहरूको आदानप्रदान र सम्मानका लागि अन्तक्रियाको आवश्यकता अनुभव गरी चीनले भाषा रूपान्तरण र सञ्चालनलाई जोड दिँदैछ । कृत्रिम बौद्धिकता अर्थात् आर्टिफिसियल इन्टेलिजेन्स देश–देश र मानिस–मानिसबिच सञ्चारको नवीन माध्यम हुन सक्ने र यसलाई उपयोग गरी भाषा रूपान्तरणको प्रविधि र यन्त्रहरू तयार गर्नेतर्फ चीन अगाडि बढ्दै छ । सांस्कृतिक आदानप्रदानलाई प्रविधिमार्फत सदैव विश्वसनिय र भरपर्दो बनाउने, सांस्कृतिक संवेदनशीलताको कदर गर्ने, आपसी सौहार्द्धता कायम राख्ने प्रयास हुँदै छ । त्यसका निम्ति बन्ने अत्याधुनिक एआई संरा अमेरिकी तथाकथित "कुटनीतिक लौह सेना" को निम्ति जवाफ हुने विश्वास लिइएको छ । संरा अमेरिका प्रविधि र सञ्चारबाटै सांस्कृतिक संहार गर्न पछि हटेन । एआईको दुरूपयोगसँगै आफ्नो रङ्गिन स्याल कूटनीति देखाउन छोडेन । यस्तो हुन नदिन चीनले एआईलाई सभ्यता र संस्कृतिको आदानप्रदानका लागि उपयोग गर्नुपर्ने विचार राखेको हो । त्यति मात्र होइन यसै वर्षमात्रै चीनले संरा अमेरिकाका ५० हजार युवा विद्यार्थीलाई अध्ययन र अनुसन्धानका लागि चीनमा स्वागत गरेको छ । युवाहरूसँगको सम्बन्ध र सञ्चारले दुई देशबिचको कूटनीतिक सम्बन्ध विकास हुने विश्वास लिइएको छ । यस्ता थुप्रै कुटनीतिक पहलहरू चीन गर्दै छ ।

चीनले अन्य देशहरूसँगको सम्बन्ध बलियो र सौहार्द्धपूर्ण बनाउने प्रयास पनि गर्दै छ । चीन - संरा अमेरिकाबिचको राम्रो सम्बन्ध सिङ्गो मानवताकै लागि अपरिहार्य छ । आपसी सम्मान, शान्तिपूर्ण सहअस्तित्व र जित -जितको सहकार्यको विचारमा टेकेर दुई देशबिचको सम्बन्ध राम्रो रहन सक्छ । दुई देशबिचको कूटनीतिक सम्बन्ध ५० वर्ष पुरानो हो । संरा अमेरिकी राष्ट्रपति जो वाइडेनले चिनियाँ विदेशमन्त्री वाङयीसँगको भटमा भनेका थिए- "संरा

***बाँकी पृष्ठ ७ मा***



मध्य गाजापट्टीको अल-मगाजी शरणार्थी शिविरमा इजरायली बमबारीबाट भत्किएका भवनहरूमा जीवित र मृत मानिसहरूको खोजी गर्दै स्थानीय प्योस्टिनी जनता मे ११, २०२४ का दिन । उक्त दिन त्यहाँ भएको इजरायली बमबारीमा ३१ जनाको मृत्यु भएको गाजाको स्वास्थ्य मनत्रालयले पुष्टि गरेको छ । *तस्बिर : सिन्ह्वा*

# राष्ट्रसङ्घीय प्रमुखद्वारा गाजामा 'तत्काल' युद्धविराम र बन्धकलाई रिहा गर्न आह्वान

कुवेत सिटी, ३० वैशाख ( एएफपी) । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले आइतबार गाजामा इजराइल-हमास युद्ध, बन्धकहरूको फिर्ता र घेरामा परेको प्यालेस्टाइन क्षेत्रमा मानवीय सहायतामा 'वृद्धि' तुरून्त रोक्न आग्रह गर्नुभएको छ ।

"तुरून्त मानवीय युद्धविरामका लागि म विश्वको आह्वानलाई दोहोऱ्याउँछु, सबै बन्धकको बिना शर्त रिहाई र मानवीय सहायतामा वृद्धि होस", कुवेतमा अन्तर्राष्ट्रिय दाता सम्मेलनलाई गर्नुभएको भिडियो सम्बोधनमा उहाँले भन्नुभयो, "तर युद्धविराम सुरूआत मात्र हुनेछ, यो युद्धको विनाश र आघातबाट फर्किन धेरै समय लाग्नेछ ।"

गाजामा इजरायली आक्रमण आइतबार पनि जारी रहेको छ । सहरको पूर्वी क्षेत्रहरूमा सैन्य घुसपैठका बारेमा अन्तर्राष्ट्रिय आलोचनाका बाबजुद इजराइलले रफाहका लागि निकासी आदेश विस्तार गरेपछि प्रभावकारीरूपमा मुख्य सहायता क्रसिङ बन्द भएको छ ।

"गाजामा युद्ध भयानक मानवीय पीडाको कारण बन्दै गएको छ भने जीवनलाई तहसनहस बनाएको छ । त्यस्तै पारिवारिक विखण्डनलाई बढाएको छ । युद्धले ठूलो सङ्ख्यामा मानिसहरूलाई घरबारविहीन, भोक र आघातमा पारेको छ", महासचिव गुटरेसले भन्नुभयो ।

कुवेतमा अन्तर्राष्ट्रिय इस्लामिक परोपकारी संस्था (आईको) र राष्ट्रसङ्घको मानवीय समन्वय संस्थाले आयोजना गरेको सम्मेलनको उद्घाटन समारोहमा उहाँको उक्त टिप्पणी आएको हो । शुक्रबार गाजाको रफाहमा इजरायली स्थल आक्रमणबाट 'महामानवीय विपत्ति' निम्त्याउने चेतावनी दिनुभएको थियो ।

# सम्बन्ध सुमधुर बनाउन ग्रिसका प्रधानमन्त्री टर्की जाँदै

इस्तानबुल, ३० वैशाख (एएफपी) । ग्रिसका प्रधानमन्त्री किरियोकोस मित्सोटाकिसलाई सोमबार अङ्कारामा टर्कीएका राष्ट्रपति रेसेप तैयप एर्डोगानले स्वागत गर्दै हुनुहुन्छ । यो नाटोका छिमेकी मुलुकबीचको न्यानो सम्बन्धको पछिल्लो सङ्केत हो ।

दशकौं को तनावपछि डिसेम्बरमा एर्डोगानको ग्रिस भ्रमणपछि हुन लागेको यो एक दिने भ्रमण दुई मुलुकबीचको सम्बन्धमा नयाँ चरणको प्रतीक भएको कूटनीतिज्ञहरूले बताएका छन् ।

ग्रिक अखबार काथिमेरिनीमा आइतबार प्रकाशित अन्तरवार्तामा एर्डोगानले दुई छिमेकीबीचको 'समस्या समाधान' मा वार्ता केन्द्रीत हुने बताउनुभयो । "एजियन सागरको दुवै किनारमा सधैं शान्ति कायम सुनिश्चित गर्न दुवै मुलुकबीचको सम्बन्धलाई शान्त बनाउनु हाम्रो जिम्मेबारी हो", उहाँले भन्नुभयो । उहाँले आफूले 'द्विपक्षीय सम्बन्धको स्तरलाई नयाँ स्तरमा लैजान खोजेको' बताउनुभयो ।

डिसेम्बरमा क्षेत्रीय प्रतिद्वन्द्वी यी दुई मुलुकले साइप्रस टापुमा विभाजित र आ-आफ्नो जल क्षेत्रमार्फत आप्रवासनलाई सम्बोधन गर्दै आपसी सम्मान र शान्तिपूर्ण सह-अस्तित्वको महत्त्व पहिचान गरी मैत्रीपूर्ण र असल छिमेकी सम्बन्धका लागि आह्वान गर्ने घोषणामा हस्ताक्षर गरेका थिए ।

सन् २०२३ फेब्रुअरीमा दक्षिणपूर्वी टर्कीएमा भूकम्पले ५० हजारभन्दा बढी मानिसको मृत्यु भएपछि एकताले पनि सहयोग गरेको छ । यद्यपि टर्कीएले अर्को अभूतपूर्व बाइजान्टाइन चर्चलाई मस्जिदमा रूपान्तरण गरेर तुष्टीलाई कमजोर पारेको छ ।

चार वर्षको पुन:स्थापनापछि इस्तानबुलमा पूर्व करिये अर्थोडक्स चर्चलाई मे ६ मा मस्जिदका रूपमा पुन: खोलिएको छ । चर्चलाई परिवर्तन गर्ने सन् २०२० को निर्णय छैटौं शताब्दीको हागिया सोफियाका पूर्व बाइजान्टाइन क्याथेड्रलमा मुस्लिम सेवाहरू पुन: सुरु भएपछि आएको हो । यो ऐतिहासिक भवन सन् १९३५ देखि सङ्ग्रहालय थियो ।

यी परिवर्तनलाई एर्डोगानको आफ्ना रुढिवादी तथा राष्ट्रिय समर्थकहरूलाई एकजुट बनाउने प्रयासको हिस्साका रूपमा हेरिएको छ ।

"सहरमा मस्जिदहरूको कुनै कमी छैन, यो सांस्कृतिक विरासतको उपचार गर्ने कुनै तरिका छैन", ग्रिसका प्रधानमन्त्री मित्सोटाकिसले एक साताअघि भन्नुभएको थियो । यद्यपि उहाले 'वार्ताको मार्ग खुला हुनुपर्ने' बताउनुभयो । शनिबार उहाँले ग्रिक टेलिभिजन स्टेसन अल्फा टिभीलाई सोमबार एर्डोगानलाई करियेको रूपान्तरणलाई 'उल्ट्याउन' का लागि प्रेरित गर्न वार्ता गर्ने बताउनुभयो ।

ग्रिक विदेशमन्त्री जियोर्गोस गेरापेट्रिटिसले गत सोमबार उक्त कदमलाई 'उत्तेजना' भन्नुभएको थियो तर 'एथेन्सले ग्रिक-टर्कीए सम्बन्धमा यथासम्भव लामो समयसम्म शान्त रहन खोजिरहेको' दोहोर्याउनुभयो ।

गत डिसेम्बरको बैठकमा केही सफलता प्राप्त भएका थिए । जस्तो टर्कीएबासीलाई टर्कीए तट नजिक ग्रिक टापुहरूको भ्रमणका लागि नयाँ विशेष भिसा । यसले टर्कीएबासीको आगमन सङ्ख्या तीन गुणा भएको छ ।

साथै एर्डोगानले ग्रिसको सैन्यीकरण रोक्नका लागि ग्रिक टापुहरूमा आक्रमण गर्ने आफ्नो पहिलेको कुनै पनि धम्कीलाई दोहोर्याउनुभएको छैन । यस्ता धम्कीका कारण अमेरिकी काङ्ग्रेसले टर्कीएमा एफ-१६ विमानहरूको आपूर्ति रोक्नु परेको थियो । उक्त भिटो जनवरीमा हटाइएको थियो । उही समयमा अमेरिकाले ग्रिसलाई एफ-३५ को आपूर्तिलाई अनुमोदन गरेको थियो ।

सन् १९७४ मा टर्कीएको सैन्य हस्तक्षेपपछि दक्षिणमा अन्तर्राष्ट्रिय मान्यताप्राप्त राज्य साइप्रस र टर्कीएले मात्र मान्यता पाएको टर्की रिपब्लिक अफ नर्दन साइप्रसमा विभाजित भएको साइप्रसलाई लिएर असहमित कायम छ । टर्कीए र ग्रिसले पनि आप्रवासनमा सहकार्य गर्न सङ्घर्ष गरेका छन् । एसिया र अफ्रिकाका आप्रवासीले युरोप पुग्ने प्रयासमा दुवै मुलुकको वरपरका समुद्रहरूको प्रयोग गर्दछन् ।

# बेलायती विदेशमन्त्रीद्वारा जीवन रक्षाको 'स्पष्ट योजना' बिना रफाह आक्रमण अस्वीकार

लन्डन, ३० वैशाख (एएफपी) । बेलायतका विदेशमन्त्री डेभिड क्यामरुनले आइतबार जनताको सुरक्षाका लागि 'स्पष्ट योजना' बिना इजराइलले गाजाको रफाह सहरमा आक्रमण गर्न नहुने बताउनुभएको छ ।

"रफाहमा ठुलो आक्रमण हुनको लागि तपाईंले कसरी मानिसको जीवन बचाउनुहुन्छ, कसरी मानिसलाई सो स्थानबाट हटाउनुहुन्छ, उनीहरूलाई खुवाइएको कसरी सुनिश्चित गर्नुहुन्छ, उनीहरूसँग औषधि र आश्रय वा सबैथोक छ भनेर कसरी सुनिश्चित गर्नुहुन्छ भन्नेबारेमा स्पष्ट योजना हुन जरुरी छ", स्काई न्युज टेलिभिजनलाई मन्त्री क्यामरुनले भन्नुभयो, "हामीले यस्तो कुनै योजना देखेका छैनौं, त्यसैले हामी यस्तो प्रकारको कुनै पनि आक्रमणको समर्थन गर्दैनौं ।"

पूर्वी रफाहलाई खाली गर्ने आदेश विस्तार गरेपछि इजराइलले आइतबार गाजामा हमासमाथि थप आक्रमण गरेको छ । सेनाले मानिसहरूलाई सहर छाड्न आग्रह गरेपछि तीन लाख प्यालेस्टिनी यस क्षेत्रबाट भागेको बताइएको छ ।

सहरको पूर्वी क्षेत्रमा प्रवेश गर्नको लागि इजरायली सेनाले व्यापक अन्तर्राष्ट्रिय विरोधलाई अस्वीकार गरेको छ । उसले एउटा प्रमुख सहायता क्रसिङलाई प्रभावकारीरूपमा बन्द गरेको छ र दोस्रो क्रसिङमार्फत हुने यातायातलाई निलम्बन गरेको छ ।

विदेशमन्त्री क्यामरुनले गाजामा मानवीय सहायतालाई अनुमति दिन इजराइलले 'राम्रो गर्न' आवश्यक भएको बताउनुभयो । "मैले धेरैपटक भनेको छु, इजराइलले मानवीय सहायतालाई लिएर जुन कारवाही गरेको छ त्यसमा म सन्तुष्ट छैन ।" उहाँले सुधारको 'केही सङ्केत' भए पनि त्यो त्यति छिटो नभएको बताउनुभयो ।

## विश्व सङ्क्षेप

### युक्रेनी सेनाको रूसको बेलगोरोडमा गोलाबारीपछि १७ जना अस्पताल भर्ना

मस्को, ३० वैशाख (सिन्ह्वा) । युक्रेनी सेनाले रूसको सीमावर्ती क्षेत्र बेलगोरोडमा गरेको ठूलो गोलाबारीपछि एक बालकसहित १७ जनालाई अस्पतालमा भर्ना गरिएको क्षेत्रीय गभर्नर व्याचेस्लाभ ग्लाडकोभले आइतबार बताउनुभएको छ । उहाँले शनिबार गोली प्रहार भएको र घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको जानकारी दिनुभयो ।

साँझमा भएको ठुलो गोलाबारीपछि २९ जना प्रभावित भएका र त्यसमध्ये दुई महिलाको अवस्था अत्यन्तै नाजुक रहेको छ । चिकित्सकहरूले उनीहरूको जीवन बचाउनको लागि सक्दो प्रयास गरिरहेका गभर्नरले बताउनुभयो । तीन सयभन्दा बढी अपार्टमेन्ट र धेरै सामाजिक संरचनामा क्षति पुगेको उहाँले जानकारी दिनुभयो ।

### नासाले मौसम अवलोकन र वातावरणीय अनुगमनका लागि नयाँ मिसन सुरू गर्ने

लस एन्जलस, ३० वैशाख (सिन्ह्वा) । अमेरिकी राष्ट्रिय एरोनटिक्स एन्ड स्पेस एडमिनिस्ट्रेसन (नासा) ले पृथ्वीमा मौसम अवलोकन र वातावरणीय अनुगमन क्षमताहरू सुधार गर्नका साथै अग्रिम अन्तरिक्ष मौसम अवलोकनमा सहयोग गर्न नयाँ मिसन सुरू गर्ने तयारी गरिरहेको जनाएको छ ।

नासा र स्पेसएक्सले मिसन प्रक्षेपण गर्न जुन २५ लाई लक्षित गर्दै छन् । त्यसको कोडनाम 'जियोस्टेशनरी अपरेसनल इन्भारोन्मेन्टल स्याटालाइट य' रहेको छ । फ्लोरिडामा नासाको केनेडी स्पेस सेन्टरमा रहेको लन्च कम्प्लेक्स ३९ए बाट स्पेसएक्स फाल्कन हेभी रकेटमा उपग्रह प्रक्षेपण हुनेछ ।

उपग्रहले उन्नत इमेजरी, वायुमण्डलीय मापन, बिजुलीको गतिविधिको वास्तविक समय म्यापिङ र नयाँ कम्प्याक्ट कोरोनोग्राफसहित सूर्यको वायुमण्डलको बाहिरी तहलाई कोरोनल पत्ता लगाउन र विशेषताहरू चित्रण गर्नेसहित, नजिकैको अन्तरिक्ष मौसम खतराहरू पत्ता लगाउनका लागि उपकरणहरूको एक सूट बोक्नेछ ।

### इन्डोनेसियाको पश्चिमी सुमात्रामा आएको बाढीमा परी १५ जनाको मृत्यु

जाकर्ता, ३० वैशाख (सिन्ह्वा) । इन्डोनेसियाको पश्चिम सुमात्रा प्रान्तको अगाम रिजेन्सीमा शनिबार साँझ आएको बाढीका कारण १५ जनाको मृत्यु भएको र अन्य दर्जनौं घाइते भएको राष्ट्रिय प्रकोप व्यवस्थापन निकाय ( बीएनपीबी) ले जनाएको छ ।

बीएनपीबीका प्रवक्ता अब्दुल मुहारीले आइतबार ११ जनाको शव कान्डुआङ जिल्लामा र चारवटा सुङ्गाई पुआ जिल्लामा भेटिएको जानकारी दिनुभयो । घाइतेहरूको अस्पतालमा उपचार भइरहेको छ ।

भारी वर्षापछि आएको बाढीले कान्डुआङ, सुङ्गाई पुआ र आइभी कोटो जिल्लामा क्षति पुऱ्याएको थियो । कान्डुआङ जिल्लामा आवासीय घर, सार्वजनिक सुविधा र पसललगायत ९० वटा भवन डुबानमा परेका छन् ।

यसैबिच चौथो कोटो जिल्लामा ६० जना विस्थापित भएका छन् भने २० पसल र एउटा विद्यालय भवन प्रभावित भएका छन् । आपत्कालीन अवस्थाको जवाफमा डाटा निरन्तर अपडेट गरिरहने प्रयासहरू भइरहेका छन् ।

### श्रीलङ्काको जिडिपी सन् २०२५ मा तीन प्रतिशतले वृद्धि हुन्छ- राष्ट्रपति

कोलम्बो, ३० वैशाख (सिन्ह्वा) । श्रीलङ्काका राष्ट्रपति रनिल विक्रमासिङ्गेले आइतबार मुलुकको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) सन् २०२५ मा बढेर तीन प्रतिशत पुग्ने बताउनुभएको छ । उहाँले अर्को वर्ष सरकारी कर्मचारीको तलब वृद्धि गरिने बताउनुभयो । कोलम्बोमा अन्तर्राष्ट्रिय नर्स दिवस समारोहमा उहाँले सरकारले देशको अर्थतन्त्रलाई द्रुत विकासतर्फ अघि बढाउन चारवटा प्रमुख कानून पहिचान गरेको उल्लेख गर्नुभयो ।

उहाँले केन्द्रीय बैङ्कलाई स्वायत्तता दिने पहिलो कानुन यसअघि नै बनेको जानकारी दिनुभयो । बाँकी कानुन सार्वजनिक ऋण व्यवस्थापन ऐन, सार्वजनिक वित्त ऐन र आर्थिक रूपान्तरण कानुन रहेको उहाँले बताउनुभयो ।

### इराकमा मानव र लागूपदार्थ ओसारपसार गिरोहविरुद्धको अभियानमा ४० संदिग्ध पक्राउ

बग्दाद, ३० वैशाख (सिन्ह्वा) । इराकी सुरक्षा बलहरूले मानव र लागूपदार्थको तस्करीमा संलग्न दुई अन्तर्राष्ट्रिय गिरोहलाई ध्वस्त पारेको र देशभरबाट ४० जना विदेशीलाई पक्राउ गरेको इराकी सञ्चारमाध्यमले शनिबार जानकारी दिएका छन् । इराकी नेशनल इन्टेलिजेन्स सर्भिसले गृह मन्त्रालयसँगको सहकार्यमा अपहरण, जबरजस्ती असुली, जालसाजी तथा मानव र लागूपदार्थ ओसारपसारका अपराधमा संलग्न रहेको आशङ्कामा ४० जना विदेशीलाई पक्राउ गरेको सुरक्षा मिडिया सेलको एक विज्ञप्तिमा जनाइएको छ ।

सुरक्षा बलहरूले बगदाद र अन्य धेरै इराकी प्रान्तमा खुफिया रिपोर्टहरूका आधारमा संदिग्धहरूलाई पक्राउ गरेको हो । विज्ञप्तिमा यी दुई गिरोहद्वारा निशाना बनाइएका अधिकांश पीडित इराकमा बसोबास गर्ने विदेशीहरू रहेको उल्लेख छ ।

# अङ्गदाताको प्रतिक्षामा मिर्गौला र कलेजोका बिरामी

✍ शरद् शर्मा

काठमाडौँ, ३० वैशाख । सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा एक हजारभन्दा बढी बिरामी प्रत्यारोपणका लागि कुरेर बसेका छन् । दाताको पर्खाइमा एक हजारभन्दा बढी बिरामी मिर्गौला र कलेजो प्रत्यारोपण गर्नको लागि कुरेर बसिरहेका छन् ।

केन्द्रका निर्देशक डा. पुकारचन्द्र श्रेष्ठले अङ्ग नपाएर एक हजार जना मिर्गौला र ५० जना कलेजो प्रत्यारोपणका लागि बिरामी कुरेर बसेको बताउनुभयो । "मस्तिष्क मृत्यु भएपछि अङ्ग नपाएर ती बिरामीले अहिले कुरिरहेका छन्" उहाँले भन्नुभयो, "मस्तिष्क मृत्युपछि कसैले अङ्गदान गरे ती बिरामीको अङ्ग प्रत्यारोपण गर्न सकिन्छ ।" उहाँका अनुसार ती बिरामी १० वर्षदेखि अङ्गदाताको प्रतीक्षामा कुरिरहेका छन् ।

मस्तिष्कले गर्ने सबै काम बन्द भए पनि शरीरका अन्य अङ्गले केही समय काम गरिरहेको हुन्छ । मस्तिष्कले काम नगरेको अवस्थामा अन्य अङ्गले काम गरिरहेको अवस्थालाई मस्तिष्क मृत्यु भनिन्छ । सडक दुर्घटनामा परेर, रुखबाट लडेर या कुनै कारणले टाउकामा गम्भीर चोट लागेमा मस्तिष्कको मृत्यु हुनसक्छ । मस्तिष्क मृत्यु भएको मानिसले स्वयम्ले श्वास लिन सक्दैन र श्वासका लागि भेन्टिलेटरको आवश्यकता पर्दछ । भेन्टिलेटरको सहायताले श्वास लिए पनि नाडी, रक्तचाप एवम् जीवनका लक्षण रहिरहेका हुन्छन् । मस्तिष्क मृत्यु भएको व्यक्तिलाई चिकित्सा विज्ञानमा पूर्ण रुपमा मृत घोषित गरिन्छ ।


केन्द्रका कार्यकारी निर्देशक डा. श्रेष्ठले प्रत्यारोपणको लागि कुरेर बसेको बिरामीलाई मस्तिष्क मृत्युबाट अङ्ग पाएको खण्डमा मापदण्डका आधारमा प्रत्यारोपण गर्ने बताउनुभयो । "हजार जना मिर्गौला र ५० जना कलेजो कसले पाउँछ भनेर हामीले मापदण्ड बनाएका छौँ" उहाँले भन्नुभयो, "त्यही मापदण्डका आधारमा मिर्गौला र कलेजो प्रत्यारोपण गर्छौं ।"

**बढी अङ्क ल्याउनेको पालो पहिले**

उहाँका अनुसार मापदण्डअनुसार सबैभन्दा बढी अङ्क ल्याउनेको पहिले पालो आउने गर्दछ । मिर्गौला सबैभन्दा बढी अङ्क लामो समयसम्म कुर्ने बिरामी, त्यसपछिको अङ्क म्याचिङ राम्रो भएको, तेस्रो अङ्क अङ्गदाता र ग्रहणकर्ताबिचको उमेरको फरक (नजिकको उमेर) भएकालाई र चौथो महिलालाई अङ्क दिइन्छ । महिलाले पुरुषको तुलनामा तीन गुणा बढी अङ्क पाउँछन् । "सबै पुरुषले महिलाको अङ्ग झिकेर प्रत्यारोपण गरेका हुन्छन् । धेरैजसो महिलाले अङ्ग दिने देखिएको छ । त्यसैले मस्तिष्क मृत्युबाट आएको अङ्ग महिलालाई तीन गुणा बढी दिने व्यवस्था मापदण्डमा रहेको छ," उहाँले भन्नुभयो ।

मस्तिष्क मृत्युबाट अङ्ग केन्द्रमा उपलब्ध भएपछि सबैभन्दा बढी अङ्क ल्याउने बिरामीलाई बोलाएर अङ्ग प्रत्यारोपण गरिन्छ । उहाँले केन्द्रमा अहिलेसम्म पाँच जना मस्तिष्क मृत्युबाट १० जना बिरामीको मात्र अङ्ग प्रत्यारोपण भएको बताउनुभयो । तीन जना कलेजो र सात जनाको मिर्गौला प्रत्यारोपण भएको छ ।

यस्तै केन्द्रमा अहिलेसम्म एक हजार २३८ जनाको मिर्गौला र २३ जनाको कलेजोको प्रत्यारोपण गरिएको छ । केन्द्रले मुलुकको दुई तिहाईबढी अङ्ग प्रत्यारोपण गर्ने गरेको कार्यकारी निर्देशक डा. श्रेष्ठले बताउनुभयो । उहाँले मिर्गौला प्रत्यारोपण ९९ प्रतिशत र कलेजो ९० प्रतिशतभन्दा बढी सफलता रहेको छ । मिर्गौला प्रत्यारोपण पूर्ण रुपमा नि:शुल्क हुने गर्दछ भने कलेजो प्रत्यारोपण विश्वकै सस्तो दरमा १५ देखि २० लाखमा गरिने केन्द्रका कार्यकारी निर्देशक डा. श्रेष्ठले बताउनुभयो । केन्द्रमा पहिलोपटक




२०६९ मिर्गौला र नेपालमा सबैभन्दा कलेजो प्रत्यारोपण केन्द्रमा सन् २०१६ मा भएको हो ।

केन्द्रले कलेजो प्रत्यारोपण मुलुककै दक्ष चिकित्सकबाट गर्दै आइरहेको छ । "सुरु-सुरुमा विदेशी चिकित्सकको सहयोगमा कलेजो प्रत्यारोपण गरे पनि अहिले हामी आफै यहीका चिकित्सकबाट गर्न थालेका छौँ," उहाँले भन्नुभयो, "कलेजो प्रत्यारोपण जोखिमपूर्ण रहेकोले हामी विदेशी चिकित्सकलाई पनि तयारी अवस्थामा राखेका हुन्छौँ ।"

मिर्गौला एक व्यक्तिबाट अर्को व्यक्तिमा झिकेर प्रत्यारोपण गर्ने भनेको कलेजो आधा काटेर प्रत्यारोपण गर्ने हो । उहाँका अनुसार कलेजो तीन महिनामा ९० प्रतिशत पलाउने गर्दछ । उहाँले कलेजो काटेर प्रत्यारोपण गर्न कार्य जटिल रहेकोले नेपालमा २५ वर्ष पहिल्यै कलेजो प्रत्यारोपण गर्न सफल भएको बताउनुहुन्छ । "हामी विश्वको तुलनामा २५ वर्ष अगाडि नै कलेजो प्रत्यारोषण गर्न सफल भएका हौँ," उहाँले भन्नुभयो, "सरकारको सहयोग र चिकित्सकको मिहेनतले हामीले सोचेभन्दा अगाडि नै कलेजो प्रत्यारोपण गर्‍यौँ ।"

मादकपदार्थ र भाइरल हेपाटाइटिस बी र सी तथा कमलपित्तको कारणले कलेजो बिग्रने, कसैले जन्मजात कलेजो बिग्रेको हुन्छ, त्यस्ता मानिसको कलेजो प्रत्यारोपण गर्नुपर्ने हुन्छ ।

**अङ्गदान जनचेतना आवश्यक**

अङ्गदान भएको पवित्र दान हो अर्थात महादान हो । कुनै जातजाति धर्ममा निषेध गरिएको छैन । तर मृत्युपछि खरानी भएर जाने अङ्गदानबारे जनचेतना जगाउन नसक्दा अङ्गदाता सोचेजस्तो भेटिएका छैनन् ।

शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन २०७२ अङ्गदान गर्न सकिने व्यवस्था गरेको छ । ऐनले बिरामीलाई तीन तरिकाले लिन/दिन सक्ने व्यवस्था गरेको छ । पहिलो आफ्नो नजिकका ५२ नातेदार, दोस्रोमा दुवै तर्फबाट लिन/दिन मिल्ने अवस्थामा र तेस्रो मस्तिष्क मृत्युबाट दानमा आएका मिर्गौलालाई अङ्गदान गर्न सकिने व्यवस्था गरिएको छ ।

हाम्रो शरीरमा दुई वटा मिर्गौला हुन्छ । "एउटा मिर्गौलाले हाम्रो शरीरलाई धान्ने गर्दछ । एउटा मिर्गौला भगवानले हामीलाई त्यतिकै थपिदिएको हो," कार्यकारी निर्देशक डा. श्रेष्ठले भन्नुभयो, "एउटा मिर्गौलाले हामीलाई पुग्छ दुई वटा मिर्गौला राखिराख्नु भन्ने आवश्यकता छैन । आवश्यक परेको बेला आफ्नो नातेदारलाई आँखा चिम्लेर दिए हुन्छ । त्यसो भए आफ्नो नातेदार पनि बाँच्न सक्नेछन् ।"

उहाँले जनचेतनाको कमीले अझै पनि मानिसहरूले अङ्गदान नगर्ने गरेको बताउनुहुन्छ । "मस्तिष्क मृत्युपछि मानिसको अङ्ग त्यतिकै जलेर खरानी भएर जान्छ" उहाँले भन्नुभयो, "खेर जाने अङ्ग गाडेर वा जलेर खरानी हुने तर दान दिन किन नहुने ? एक जनाबाट आठ जनाको ज्यान जोगाउन सकिन्छ ।"

मिर्गौला दान लिनेहरू स्वस्थ हुने गरेको पाइएको उहाँको भनाइ छ । "मिर्गौला दान नदिनेभन्दा दिनेहरू झनै स्वस्थ्य भएका छन् । मिर्गौला दाताहरूले प्रत्येक वर्ष स्वास्थ्य परीक्षण गराउने गर्दछन्," उहाँले भन्नुभयो, "दान नदिनेहरू मलाई के भएको छ र म स्वस्थ्य छु भनेर बस्ने गरेका छन् । मिर्गौला दाताको समस्या छ भने समयमा थाहा भएर उपचार हुने भयो । अर्को स्वास्थ्य व्यक्ति मलाई केही भएको छैन भनेर स्वास्थ्य परीक्षण पनि नगराउने र भित्रभित्र केही न केही समस्या देखिने गरेको छ ।"

उहाँले मृत्युपछि खराबी भएर जाने आठ वटा अङ्ग सबैले दान गरेर अरुलाई बचाउनुपर्ने बताउनुहुन्छ । दुई वटा मिर्गौला, मुटु, फोक्सो, कलेजो, सानो आन्द्रा, आँखा र प्यानक्रियाज मस्तिष्क मृत्युपछि अङ्गदान गर्न सकिन्छ ।

केन्द्रमा अहिलेसम्म दुई हजार ३०० भन्दा बढी व्यक्तिले मृत्युपछि अङ्गदान गर्ने भनेर मन्जुरीनाममा गरेका छन् । तीमध्ये हालका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा समेत रहनु भएको छ ।

केन्द्रले मुटु र फोक्सोको प्रत्यारोपण गर्नका लागि कानुन बनाइसकेको छ । केन्द्रका कार्यकारी निर्देशक डा. श्रेष्ठले मुटु र फोक्सोको प्रत्यारोपण गर्नका लागि चिकित्सकलाई तालिम, भवन निर्माण जस्ता कार्य गर्न बाँकी रहेको बताउनुभयो । केन्द्रलाई पाँच सय शैय्या बनाएर १५०/१५० शैय्या मुटु र कलेजोलाई, दुई सय शैय्या मिर्गौलालाई बनाउनुपर्दछ ।

मुटु, फोक्सो, प्यानक्रियाज र सानो आन्द्राको प्रत्यारोषण मस्तिष्क मृत्यु भएका मानिसबाट निकालेर गरिन्छ । मस्तिष्क मृत्यु हुनेबित्तिकै ती अङ्ग निकालेर प्रत्यारोपण गर्नुपर्ने हुन्छ । मिर्गौला २४ घण्टाभित्र, कलेजो र प्याक्रियाज् १० देखि १२ घण्टाभित्र, मुटु र फोक्सो चारदेखि ६ घण्टाभित्र प्रत्यारोपण गरिसक्नुपर्ने हुन्छ ।

यस्तै केन्द्रले सात वटा प्रदेशमा प्रत्यारोपण विस्तार गर्ने तयारीसमेत गरेको कार्यकारी निर्देशक डा. श्रेष्ठले जानकारी दिनुभयो । अहिले पोखरा र सुर्खेत प्रत्यारोपण सुरु गरिसकेको छ । हेटौँडा, धनगढी, विराटनगर, वीरगञ्जमा प्रत्यारोपण गर्नका लागि सम्झौता भइसकेको र चाँडै नै प्रत्यारोपण गर्ने उहाँको भनाइ छ ।

# धमनी र नसाको समस्याका कारण लाग्ने ६ रोग

✍ डा. सन्दीपराज पाण्डे


कुनै व्यक्तिमा भास्कुलर सिस्टम ( रक्तप्रवाहमा महत्त्वपूर्ण भूमिका भएका धमनी र नसा) सम्बन्धी समस्या छ भने त्यसलाई भास्कुलर रोग भनिन्छ भने त्यस्तो अवस्थामा गरिने सर्जरीलाई भास्कुलर सर्जरी भनिन्छ । भास्कुलर सर्जरीको क्रममा धमनी र नसामा भएका क्षति र आएका समस्यालाई शल्यक्रियाको माध्यमबाट उपचार गरिन्छ । ओपन सर्जरीलाई भास्कुलर सर्जरी भनिन्छ भने सानो प्वालमात्र गरेर गरिने सर्जरीलाई इण्डोभास्कुलर सर्जरी भनिन्छ ।

सामान्यत: अधिक धूमपान गर्ने, मधुमेहको समस्या भएका तथा ५० वर्षभन्दा माथिका मानिसमा यस्तो रोग लाग्ने गर्छ । भास्कुलर रोगमा खुट्टामा घाउ हुने समस्या (डायबेटिक फुट), लेग अट्याक, ब्रेन अट्याक (स्ट्रोक), भ्यारिकोज भेन, खुट्टा सुन्निने (लेग स्वेलिङ) तथा एनुरिजम पर्छन् ।

**डायबेटिक फुट**

हरेक वर्ष हजारौँ मानिस मधुमेहको शिकार बनिरहेका हुन्छन् । मधुमेहका रोगीले खुट्टाको घाउमा विशेष ध्यान दिनुपर्छ । यस्ता घाउलाई समयमै ध्यान नदिने हो भने खुट्टै काट्नुपर्ने अवस्था पनि आउन सक्छ । रक्तनलीमा रोकावट आएर यस्तो हुन सक्छ ।

कुनै व्यक्तिमा भास्कुलर सिस्टम ( रक्तप्रवाहमा महत्त्वपूर्ण भूमिका भएका धमनी र नसा) सम्बन्धी समस्या छ भने त्यसलाई भास्कुलर रोग भनिन्छ भने त्यस्तो अवस्थामा गरिने सर्जरीलाई भास्कुलर सर्जरी भनिन्छ । भास्कुलर सर्जरीको क्रममा धमनी र नसामा भएका क्षति र आएका समस्यालाई शल्यक्रियाका माध्यमबाट उपचार गरिन्छ । ओपन सर्जरीलाई भास्कुलर सर्जरी भनिन्छ भने



सानो प्वालमात्र गरेर गरिने सर्जरीलाई इन्डोभास्कुलर सर्जरी भनिन्छ ।

सामान्यत: अधिक धूमपान गर्ने, मधुमेहको समस्या भएका तथा ५० वर्षभन्दा माथिका मानिसमा यस्तो रोग लाग्ने गर्छ । भास्कुलर रोगमा खुट्टामा घाउ हुने समस्या (डायबेटिक फुट), लेग अट्याक, ब्रेन अट्याक (स्ट्रोक), भ्यारिकोज भेन, खुट्टा सुन्निने (लेग स्वेलिङ) तथा एनुरिजम पर्छन् ।

हरेक वर्ष हजारौँ मानिस मधुमेहको शिकार बनिरहेका हुन्छन् । मधुमेहका रोगीले खुट्टाको घाउमा विशेष ध्यान दिनुपर्छ । यस्ता घाउलाई समयमै ध्यान नदिने हो भने खुट्टै काट्नुपर्ने अवस्था पनि आउन सक्छ । रक्तनलीमा रोकावट आएर यस्तो हुनसक्छ ।

**लेग अट्याक**

हिँड्ने क्रममा खुट्टामा पीडा हुन्छ या खुट्टाको औँलामा पोलेको जस्तो अनुभव हुन्छ भने भास्कुलर रोग लागेको हुनसक्छ । यो लेग अट्याकको पहिलो लक्षण हुनसक्छ । लेग अट्याक हर्ट अट्याकभन्दा बढी खतरापूर्ण हुन्छ । सुरुमै पत्ता लाग्यो र उपयुक्त उपचार भयो भने यो सजिलै निको हुन्छ । तर, उपचारमा ढिलाइ भयो भने उपचार जटिल हुन्छ । यसलाई इन्डोभास्कुलर ( एन्जिओप्लास्टी तथा स्टेन्टिङ) तथा ओपेन सर्जरी (बाइपास तथा रिमुभल अफ प्लाक) बाट उपचार गनुपर्ने हुन्छ । अन्तिम अवस्थामा खुट्टा नै काट्नुपर्ने पनि हुनसक्छ । धूमपान गर्ने, मधुमेहको समस्या भएका, उच्च रक्तचाप तथा उच्च कोलेस्टेरोल, ५० वर्ष नाघेका व्यक्तिमा र वंशाणुगतरूपमा यस्तो समस्या हुनसक्छ ।

**ब्रेन अट्याक**

अर्को भास्कुलर समस्या भनेको स्ट्रोक अर्थात् ब्रेन अट्याक पनि हो । दिमागमा रगत आपूर्ति गर्ने घाँटीको 'क्यारोटिड आर्टरिज' नामको रक्तनली विभिन्न कारणबाट साँघुरिएर यस्तो हुन सक्छ ।। ब्रेन अट्याक हुँदा भास्कुलर सर्जनले ओपन सर्जरी गरेर या स्टेन्टिङ गरेर रक्तनली खुलाउन सकिन्छ । दिमागमा रगत आपूर्ति हुन नसक्दा दिमागमा स्थायीरूपमा क्षति पुग्छ र पाखुरा तथा खुट्टा चलाउन नसक्ने या बोल्ने र हेर्ने शक्ति नै गुम्ने हुनसक्छ ।

यस्तै, दिमागमा आंशिकरूपमा रगत आपूर्ति अवरुद्ध भयो भने ट्रान्साइन्ट इसामिक अट्याक पनि हुन्छ, जसलाई मिनी स्ट्रोक पनि भनिन्छ । यसमा पनि स्ट्रोकमा जस्तै लक्षण देखिन्छ र एक दिनभन्दा कम समय रहन्छ । यसमा स्ट्रोकमा जस्तो दिमागमा स्थायीरूपमा क्षाति भने हुँदैन । यसका रिस्क फ्याक्टरहरू उच्च कोलेस्ट्रोल, मधुमेह र उच्च रक्तचाप हुन् ।

**भ्यारिकोज भेन**

खुट्टा तथा पैतालाको नसामा असामान्य अवस्था आउने समस्यालाई भेरिकोज भेन भन्ने गरिन्छ । यसमा खुट्टाको नसा सुन्निले या ठुलो हुने हुन्छ, जुन निकै पीडादायी हुन्छ । समयमै उपचार नगरे नसा फुट्ने या अल्सरसम्म हुने हुन्छ । यसलाई भास्कुलर सर्जनले आधुनिक तरिकाले इन्डोभेनस थर्मल एब्लासन गरेर उपचार गर्छन् । प्रायश: लामो समयसम्म उभिनुपर्ने व्यक्ति, गर्भवती, मोटोपना भएको व्यक्ति, वृद्धवृद्धा र आनुवंशिकरूपमा यो रोग लाग्छ ।

**खुट्टा सुन्निने (लेग स्वेलिङ)**

भ्यारिकोज भेन, लिम्फेडिमा, मुटु फेलियर, मिर्गौला फेलियर आदि कारण खुट्टा सुन्निने हुन्छ । यसो भयो भने सकेसम्म चाँडो भास्कुलर सर्जनलाई देखाइहाल्नुपर्छ ।

**एनुरिजम**

भास्कुलर रोगको अर्को गम्भीर रूप भनेको एनुरिजम हो, जुन धमनी ( आर्टरी) सुन्निने कारण हुन्छ । यसमा एओर्टा धमनी प्रभावित हुन्छन् । यसमा स्टेन्टिङ र इन्डोभास्कुलर इओर्टिक एनुरिजम रिपियर (एभिएआर) गरिन्छ ।

***पेइचिङ...***

अमेरिका शीतयुद्ध चाहँदैन । चीनको प्रणाली बदल्न चाहँदैन । चीनविरुद्ध कुनै गठबन्धन गर्न चाहँदैन । ताइवानको स्वतन्त्रताको पक्ष लिँदैन । चीनको समृद्धिले संरा अमेरिका खुशी छ । चीनको विकास रोक्ने र थिचोमिचो गर्ने काम गर्दैन ।" तर व्यवहारमा यसको ठीक उल्टो काम संरा अमेरिकाले चीनविरुद्ध गर्दै छ । संरा अमेरिका चीनलाई दबाउन र चीनको प्रगति रोक्न हरसम्भव प्रयास गर्दै छ । विश्वमा चीनको लोकप्रियता र प्रगति नै संरा अमेरिकाको टाउको दुखाइ र पागलपनको कारण हो भन्ने प्रमाण यी पत्रिकाहरूमा छन् । यद्यपि संरा अमेरिकासँग चीनले मिल्नुपर्ने नै विचार राख्छ । वास्तवमै विश्व शान्तिका लागि चीन र संरा अमेरिका मिल्नुको विकल्प नै छैन ।

यतिबेला चीन–रुसको सम्बन्ध सुमधुर छ । आर्थिक सम्बन्धसँगै राजनीतिक विश्वास बुलन्द छ । गत वर्षमात्र दुईपक्षीय व्यापार २ खर्ब ४० अर्ब अमेरिकी डलर नाघ्यो । रुसको प्राकृतिक ग्यास चिनियाँ घरघर पुग्दै छ भने चीनका अटोमोवाइल रुसका सडकहरूमा गुड्दै छन् । शीतयुद्धको मानसिकता विपरीत यी दुई ठूला देशहरू आपसी फाइदा र हितका लागि सहकार्य गर्दैछन् । रुस र चीनको राम्रो सम्बन्धको कारण अमेरिकाले युक्रेनलाई उक्साई रुसविरुद्ध युद्ध भड्काएको हुन सक्ने विश्लेषण पनि छ । यो वर्ष रुस र चीन कूटनीतिक सम्बन्धको ७५ औँ वर्षगाँठ मनाउँदै छ ।

त्यस्तैगरी युरोपसँग पनि चीनको सम्बन्ध राम्रो छ । यो वर्ष २१ औँ वर्ष भयो कूटनीतिक सम्बन्ध स्थापनाको । चीन–युरोप रेलवे एक्सप्रेसमा २५ वटा युरोपेली देशको २१९ शहरहरूमा १७ हजार भन्दा बढी कार्गो चल्छ । युरोपका लागि चीन प्रतिस्पर्धी पनि हो साझेदार पनि । चीन–युरोपको कुनै भूराजनैतिक द्वन्द्वको मनसाय छैन । दुवै पक्ष जित–जित भविष्य निर्माणमा जोड दिन्छ ।

अफ्रिकासँग चीनको सम्बन्ध निकै राम्रो छ । इमानदारी, असल प्रतिफल, विश्वास, सौहार्दताको जगमा सम्बन्ध बलियो छ । पछिल्लो १५ वर्षमा चीन अफ्रिकाको सबैभन्दा ठूलो व्यापार साझेदार देश हो । सहकार्य अझ सघन बन्दै छ । चिनियाँ र अफ्रिकी जनताबिचको सम्बन्ध सुमधुर बन्दै छ । चीनले अफ्रिकाको भावना र चाहनालाई ध्यानमा राखेर सहकार्य गर्‍यो । आज चीनलाई अफ्रिकाले आफ्नो अत्यन्त असल मित्रको संज्ञा दिन्छ ।

एसियाको नेतृत्वकर्ता अर्थतन्त्र र सबैभन्दा ठूलो देश चीनले सबै महादेशसँग सहकार्य र सहअस्तित्वको कूटनीतिक, व्यापारिक सम्बन्ध राखेको छ । यसरी चीनको राजनीति, अर्थतन्त्र, कूटनीति र समाजव्यवस्थाको समसामयिक अध्ययन गर्न इच्छुक जो कोहीले पेइचिङ रिभ्यू पढ्छन् । पेइचिङ रिभ्यूको डिजिटल कपीको उपलब्धताले पाठकलाई सहज छ । आजको शताब्दीमा चीनबारे जिज्ञासा नराख्ने मानिस सायदै होला । विश्वलाई हेर्ने स्पष्ट दृष्टिकोण समेत प्रदान गर्ने यी र यस्ता चिनियाँ पत्रिका नयाँ पुस्ताले पढ्नैपर्छ ।

# चैतसम्मको आर्थिक अवस्था: नियन्त्रित मुद्रास्फीति, शोधनान्तर र चालुखाता बचतमा

काठमाडौँ, ३० वैशाख (रासस)। चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा मुलुकको अधिकांश आर्थिक तथा वित्तीय सूचकहरू सकारात्मक देखिएका छन्। यो अवधिसम्ममा मुद्रास्फीति वाञ्छित सीमाभित्र रहेको छ भने शोधनान्तर स्थिति र विदेशी मुद्रा सञ्चिति बढेको छ।

नेपाल राष्ट्र बैङ्कले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८०/८१ को नौ महिनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार आर्थिक सूचकहरू सुधारोन्मुख देखिएका हुन्।

राष्ट्र बैङ्कका अनुसार चैतमा वाार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति चार दशमलव ६१ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति सात दशमलव ७६ प्रतिशत रहेको थियो।

चैतमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति पाँच दशमलव २१ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति चार दशमलव १४ प्रतिशत रहेको छ। खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत मरमसला उप-समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क २२ दशमलव ६४, तरकारीको १६ दशमलव ९९, दाल तथा गेडागुडीको १० दशमलव ९४, खाद्य तथा खाद्यजन्य पदार्थको सात दशमलव ५९ प्रतिशत र गैर-मदिराजन्य पेय पदार्थको ६ दशमलव ०६ प्रतिशतले बढेको छ। घ्यू तथा तेल उप-समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क १० दशमलव १० प्रतिशतले घटेको छ।

त्यसैगरी, गैर-खाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवाहरू उपसमूहको वार्षिक बिन्दुगत मूल्यसूचकाङ्क १२ दशमलव ८१ प्रतिशत, मनोरञ्जन तथा संस्कृतिको १२ दशमलव ६१ प्रतिशत र शिक्षाको सात दशमलव ३१ प्रतिशतले बढेको छ भने यातायात उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क शून्य दशमलव ३३ प्रतिशतले घटेको छ।

गत चैत महिनामा काठमाडौँ उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ०६, तराईको चार दशमलव ५८, पहाडको पाँच दशमलव ३३ प्रतिशत र हिमालको चार दशमलव ३२ प्रतिशत रहेको छ।

राष्ट्र बैङ्कका अनुसार यो अवधिसम्ममा विप्रेषण आप्रवाह १९ दशमलव आठ प्रतिशतले बढेर रू. १० खर्ब ८२ अर्ब ६२ करोड पुगेको छ। यस अवधिमा वैदेशिक रोजगारीको लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या तीन लाख २९ हजार चार सय २२ र पुन:श्रम स्वीकृति लिनेको सङ्ख्या दुई लाख १२ हजार सात सय २१ रहेको छ।

चैत मसान्तसम्ममा शोधनान्तर स्थिति रु. तीन खर्ब ६५ अर्ब १६ करोडले र चालु खाता रु. एक खर्ब ७९ अर्ब ४८ करोडले बचतमा रहेको छ।

विसं २०८० असार मसान्तमा रु. १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति २४ दशमलव दुई प्रतिशतले वृद्धि भई गत चैत मसान्तसम्ममा रु. १९ खर्ब ११ अर्ब ८६ करोड पुगेको छ। चालु आर्थिक वर्षको नौ महिनाको आयातलाई आधार मान्दा बैङ्किङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १५ महिनाको वस्तु आयात र १२ दशमलव पाँच महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

यो अवधिमा सरकारको कुल खर्च रु. ९ खर्ब ९ अर्ब ३९ करोड र राजस्व परिचालन रु. सात खर्ब ४८ अर्ब ४ करोड रहेको छ। त्यसैगगरी, विस्तृत मुद्राप्रदाय सात दशमलव पाँच प्रतिशतले बढेको छ।

चैतमा बैङ्क तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन सात दशमलव दुई प्रतिशतले बढेको छ र निजी क्षेत्रमा प्रवाहित कर्जा चार दशमलव प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर १२ दशमलव पाँच प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर चार दशमलव नौ प्रतिशत छ।

तेस्रो त्रैमासिक अवधिसम्ममा आयात दुई दशमलव आठ, निर्यात तीन दशमलव सात र कुल वस्तु व्यापार घाटा दुई दशमलव आठ प्रतिशतले घटेको राष्ट्र बैङ्कले जनाएको छ।

# वल्डलिङ्कको रिट खारेज : राज्य कोषको अबौँ रकम सुरक्षित

काठमाडौँ, ३० वैशाख (रासस)। सर्वोच्च अदालतले वल्डलिङ्क कम्युनिकेसन प्रालिले दायर गरेको आठ वटै रिट निवेदन खारेज गरेको छ।

न्यायाधीशद्वय हरिप्रसाद फुयाल र डा. नहकुल सुवेदीको इजलासले आइतबार वल्डलिङ्कको माग दाबीबमोजिम फैसला गर्न अस्वीकार गर्दै रिट निवेदन खारेज हुने ठहर गरेको हो। अदालतको उक्त फैसलासँगै नेपाल सरकारलाई प्राप्त हुनुपर्ने रोयल्टी राजस्व तथा ग्रामीण दूरसञ्चार विकास शुल्क कानुनबमोजिम असुल उपर गर्ने बाटो खुलेको छ।

यो फैसलासँगै सरकारलाई रोयल्टी राजस्व तथा ग्रामीण दूरसञ्चार विकास शुल्क कानुनबमोजिम असुल उपर गर्ने बाटो खुलेको छ। अदालतको फैसलासँगै राज्यकोषको अबौँ रकम बचेको छ। महालेखा परीक्षकले आर्थिक वर्ष २०७२/७३ को वार्षिक प्रतिवेदनदेखि हरेक वर्ष निरन्तर इन्टरनेट सेवा प्रदायकहरूले नेपाल सरकारलाई बुझाउनुपर्ने रोयल्टी राजस्व नेपाल सरकारलाई प्राप्त नभएकोले कानुनबमोजिम असुलउपर गर्नुपर्ने बेरूजु भनी औँल्याएको थियो।

सोही विषयमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गतवर्ष गरेको अनुसन्धानबाट वल्डलिङ्कलगायत सेवा प्रदायकले कर छली गरेको खुलासा भएको थियो।

प्रतिवेदनमा वल्डलिङ्क कम्युनिकेसनलगायत नौ वटा इन्टरनेट सेवा प्रदायकले करिब रु. दुई अर्ब ४६ करोड रकम नेपाल सरकारलाई बुझाउन बाँकी रहेको तथा अदालतमा विचाराधीन मुद्दामा रहेको थप रु. २७ करोड ३३ लाख रकमसमेत असुल गर्न बाँकी रहेको उल्लेख थियो।

सोही प्रतिवेदनका आधारमा रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास शुल्क असुल गर्न मन्त्रालयले नेपाल दूरसञ्चार प्राधिकरणलाई दिएको निर्देशन दिएको हो। सो निर्देशनपछि नेपाल दूरसञ्चार प्राधिकरणले स्वतन्त्र चार्टर्ड एकाउन्टेन्टलाई अध्ययन गर्ने जिम्मा दियो।

चार्टर्ड एकाउन्टेन्टले केही इन्टरनेट सेवा प्रदायकहरूले नेपाल सरकारलाई रोयल्टी राजस्व तथा ग्रामीण दूरसञ्चार विकास शुल्क तिर्न बुझाउन बाँकी रहेको भनी रकमसमेत खुलाइ प्रतिवेदन पेश गरेको थियो।

नेपाल दूरसञ्चार प्राधिकरण स्रोतका अनुसार नौ वटा इन्टरनेट सेवा प्रदायकबाट रोयल्टी राजस्व तथा ग्रामीण दूरसञ्चार विकास शुल्क वापत कूल रु. तीन अर्ब ६४ करोड रकम असुल गर्न बाँकी छ। जसअनुसार वल्डलिङ्क कम्युनिकेसनले रु. एक अर्ब ९६ करोडभन्दा बढी तिर्न बाँकी छ। त्यसैगरी भायोनेट कम्युनिकेसनबाट रु. ४१ करोड, सुविसुबाट रु. ३३ करोड, क्लासिक टेकबाट रु. ३१ करोड, टेकमाइन्डबाट रु. ३० करोड, वेबसर्फरबाट रु. १२ करोड, मर्कन्टायलबाट रु. १० करोड, पोखरा इन्टरनेटबाट रु. चार करोड र नेटम्याक्सबाट रु. दुई करोडभन्दा बढी रकम असुल गर्न बाँकी रहेको छ।

दूरसञ्चार निमयमावली, २०५४ को नियम २६ अनुसार दूरसञ्चार सेवा प्रदायकहरूले वार्षिक कूल आम्दानीको चार प्रतिशत रोयल्टी राजस्ववापत नेपाल सरकारलाई बुझाउनुपर्ने तथा दूरसञ्चार ऐन २०५३ को दफा ३० बमोजिम वार्षिक आयको दुई प्रतिशत रकम ग्रामीण दूरसञ्चार विकास कोषमा जम्मा गर्नुपर्ने कानुनी व्यवस्था छ।

अदालतको फैसलासँगै तत्काल पौने चार अर्ब रोयल्टी र दूरसञ्चार विकास शुल्क प्राप्त हुने भए पनि दीर्घकालीन रूपमा राज्यको बीसौँ अर्ब रकम सुरक्षित भएको नेपाल दूरसञ्चार प्राधिकरणले जनाएको छ। यदी अदालतको फैसला सेवा प्रदायकको पक्षमा भएको भए अन्य सेवा प्रदायकले भुक्तान गरिसकेको अर्बौं रकम पनि फिर्ता गर्नुपर्ने हुन्थ्यो।

हार्दिक समवेदना



जन्म
२०२०/०५/१७

निधन
२०८१/०१/२८

गणेशबहादुर मानन्धर

यस संस्थाका सदस्यता नं. ६५ का सदस्य **गणेशबहादुर मानन्धर** को मिति २०८१ वैशाख २८ गते असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ।

**दिगो बचत तथा ऋण सहकारी संस्था लि.**
कमलविनायक-१०, भक्तपुर, फोन नं. ०१-६६१२५७४

# ललितपुर महालक्ष्मीमा अन्तरक्रिया कार्यक्रम

ललितपुर, ३० वैशाख। विश्व सर्वहारा वर्गका महान नेता एवं आयामिक व्यक्तित्त्व कार्ल मार्क्सको जन्म दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टी महालक्ष्मी नगर समितिको आयोजनामा थसीमा अन्तरक्रिया कार्यक्रम भयो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य राजवीर डंगोलले मार्क्सवादले एक आदर्श समाज परिकल्पना गरेको चर्चा त्यो आदर्श समाज साम्यवाद रहेको जुन समाज विर्गविहीन र राज्यविहीन हुने बताउनुभयो।

उहाँले भन्नुभयो, "मार्क्सवादको सार भनेको सर्वहारावर्गको हुकुम हो। समाजवादी व्यवस्थाको विशेषता भनेको कामदारवर्गको नेतृत्वमा राज्यसत्ता सञ्चालन हुने व्यवस्था हो; समाजवादमा उत्पादनका मुख्य मुख्य साधन र सेवा राष्ट्रियकरण हुन्छ; सबै नागरिकलाई योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हुन्छ; शिक्षा-स्वास्थ्य नि:शुल्क हुन्छ; ज्येष्ठ नागरिकहरूको लागि आदर निकेतनको व्यवस्था हुन्छ, शोषणविरूद्धको हकको व्यवस्था हुन्छ।"

नेमकिपा समाजवादी व्यवस्था स्थापनाको लागि सङ्घर्षरत रहेको चर्चा गर्दै उहाँले भन्नुभयो, "समाजवादी व्यवस्थामा पनि पुँजीपति वर्गले आफ्नो गुमेको सुख सुविधा फेरि पाउन अनेक षड्यन्त्र चलिराख्ने भएकोले अन्तिम क्षणसम्म वर्गसङ्घर्ष चालु राख्नु आवश्यक छ।"

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एन महर्जनले कार्यकर्ताहरूले व्यक्तिगत र पारिवारिक स्वार्थभन्दा माथि उठेर कामदार जनताको पक्षमा क्रियाशील राख्नुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "मार्क्सवाद वर्ग सङ्घर्ष र शसस्त्र सङ्घर्षको सिद्धान्त, मजदुर वर्गको राज्य सत्ताकब्जा गर्ने सिद्धान्त र सर्वहारा वर्गको अधिकनायकत्व कायम गर्ने सिद्धान्त हो।"

चन्द्र महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा रूपा महर्जन, चन्द्रराज महर्जन, अनिष महर्जन, आशारा महर्जन, इन्द्रराज महर्जनलगायतले बोल्नुभएको थियो।

# कार्ल मार्क्सको जन्मजयन्तीको अवसरमा कैलालीमा कार्यकर्ता भेटघाट तथा अध्ययन गोष्ठी

कैलाली, ३० वैशाख। नेपाल मजदुर किसान पार्टी कैलाली जिल्ला समितिको आयोजनामा कार्ल मार्क्सको जन्मजयन्तीको अवसरमा शनिबार जानकी गाउँपालिका वडा नं. १ र ५ पथरैया नवलपुरमा कार्यकर्ता भेटघाट तथा कार्ल मार्क्सको जीवनी अध्ययन गोष्ठी सम्पन्न भयो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले मार्क्सले कामदार जनतालाई मुक्तिको बाटो देखाएको बताउनुभयो।

मार्क्सवाद मानव जातिको कल्याणको सम्बन्धमा सबभन्दा नवीनतम् दर्शन भएको स्पष्ट पार्दै उहाँले समाजवादमा मात्र कामदारवर्गको भविष्य उज्ज्वल हुने बताउनुभयो।

नेमकिपा कैलालीका अध्यक्ष रमेशकुमार रावलले मार्क्सको जीवनीबारे चर्चा गर्दै मार्क्सको सङ्घर्षशील जीवनवाट सिक्नुपर्ने बताउनुभयो।

कार्यक्रममा गगन थापामगर र लक्ष्मी तारामीले मार्क्सको जीवनीबारे बोल्नुभएको थियो। त्यस्तै नेपाल क्रान्तिकारी महिला सङ्घ अम्मरपुर एकाइ समितिको आयोजनामा लम्किचुहा नगरपालिकामा मार्क्सको जन्मदिनको अवसरमा प्रशिक्षण कार्यक्रम भयो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले कार्ल मार्क्स संसारका कामदार वर्गका महान् गुरू, राजनीतिज्ञ, समाजशास्त्री, अर्थशास्त्री र वैज्ञानिक भएको चर्चा गर्दै
मार्क्सले आफ्नो सम्पूर्ण जीवन कामदार वर्गको हितमा खर्चिएको बताउनुभयो।

मोतिकला उपाध्यायको अध्यक्षतामा भएको कार्यक्रममा रमेशकुमार रावल, लक्ष्मी पुन र जानकी शाहीले पनि बोल्नुभएको थियो।

हार्दिक समवेदना



जन्म
२०४९/०३/२१

स्वर्गारोहण
२०८१/०१/२८

स्व. अनिता दुवाल (खर्बुजा)

हाम्रा आत्मीय मित्र सूर्यभक्त खर्बुजा तथा चन्द्रमाया खर्बुजाका बुहारी **अनिता दुवाल (खर्बुजा)**को स्वर्गारोहण भएकोमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै आज **चौथो दिन (लक्च)** को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ।

**साथीहरू**

कृष्णराम / कृष्णलक्ष्मी शिल्पकार
राजेन्द्र / लक्ष्मीशोभा दुमरू
पुण्यराम / लक्ष्मीश्वरी देशेमरू
कालिकाप्रसाद / रोशना खायमली
तुल्सीप्रसाद / मंगललक्ष्मी कोजू
कृष्णप्रसाद (धर्म)/ रामलक्ष्मी वैद्य
उत्तम / शान्ति त्यात
न्हुछेबहादुर / कृष्णलक्ष्मी वैद्य
वीरेन्द्र / शर्मिला बमनु
पुष्पराम/ राज्यलक्ष्मी लिवी
रवि / लक्ष्मीकेशरी कवां
बाबुकाजी / कमलशोभा खर्बुजा
कृष्णप्रसाद (माइला) / विष्णुकेशरी कोजू
राकेश / मैयाँ बासुकला
रमेश / मैयाँलक्ष्मी गाँसी

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा